मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : २४ ◆ अङ्क : २९४ ◆ पृष्ठ ६ ◆ बिर्तामोड ◆ वि.सं. २०७६ भदौ २४ गते मंगलबार (Tuesday, September 10. 2019) नेपाल सम्वत् ११३९ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

**सूचना**

लोकसेवा आयोगको दृढ अठोट- स्वच्छ, निष्पक्ष र प्रतिस्पर्धात्मक छनौट ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग




# बिर्तामोड र गौरादहमा बम बिस्फोट

**बिर्तामोड, भदौ २३।** सरकारद्वारा प्रतिबन्धित नेपाल कम्प्युनिष्ट पार्टी नेकपा (विप्लव) समूहले झापामा एकपछि अर्को गर्दै श्रृंखलाबद्ध बम बिस्फोट गराएको छ ।

आइतवारराति मात्रै बिर्तामोडस्थित सहारा नेपाल सहकारी संस्थाको नवनिर्मित भवन र गौरादह नगरपालिकालाई लक्षित गर्दै शक्तिशाली बम बिस्फोट गराएका हुन् । यद्यपि विप्लव समूहले आधिकारिक रुपमा बम बिस्फोटको जिम्मा लिएको छैन ।

तर, प्रहरीले भने विप्लवमाथि बम बिस्फोटको आशंका गरेको छ । जिल्ला प्रहरी कार्यालय झापाका प्रहरी नायव उपरीक्षक महेन्द्र श्रेष्ठले विप्लव समूहले नै बम बिस्फोट गराएको हुन सक्ने पूर्वाञ्चललाई बताए । बिर्तामोडस्थित सहारा नेपालको कार्यालयमा बम बिस्फोट गराउन संलग्न भएको आशंकामा दुई जनालाई इलाका प्रहरी कार्यालय





अनारमनीले नियन्त्रणमा लिएको छ। तर, उनीहरुको विषयमा प्रहरीले केही जनाएको छैन । राति सवा ११मा सहारा नेपालमा बम बिस्फोट गराउन दुई जना मानिसले तीनपटकको प्रयासपछि साढे १२ बजे शक्तिशाली प्रेसर कुकर बम बिस्फोट गराएको सीसी क्यामेराको फुटेजमा देखिएको छ। यसअघि बिर्तामोड नगरपालिकाको गरामनीमा रहेको संयुक्त वडा कार्यालय ७, ८ र ९मा

(बाँकी अन्तिम पृष्ठमा)

## चेम्बर अफ कमर्समा ओमकृष्ण



**विर्तामोड, भदौ २३ ।** नेपाल चेम्बर अफ कमर्स झापा शाखाको अध्यक्षमा बिर्तामोडका प्रतिष्ठित व्यवसायी ओमकृष्ण बिमली चयन भएका छन् ।

स्थानीय सिटी पार्टी प्यालेसमा सोमबार सम्पन्न चेम्बर अफ कमर्स झापाको प्रथम साधारणसभाले अध्यक्षमा विमलीलाई सर्वसम्मत चयन गरेको हो । ॐ पाथीभरा ट्रेडर्सका सञ्चालक बिमली अलैंची व्यापारका अग्रणी व्यवसायी हुन् । उनी नेपाल अलैंची व्यवसायी महासंघका पूर्व महासचिव पनि हुन् ।

संस्थाका अध्यक्ष सन्तोष अग्रवालको अध्यक्षतामा सम्पन्न साधारणसभाले १८ सदस्यीय कार्यसमतिको सबै पदहरु सर्वसम्मत चयन गरेको छ ।

आगामी तीनवर्षे कार्यकालका लागि चयन भएको कार्यसमितिको वरिष्ठ उपाध्यक्षमा सुवास भट्टराई, उद्योग उपाध्यक्षमा दीपेन्द्र राउत, वाणिज्य उपाध्यक्षमा यमनाथ विमली, महासचिवमा प्रदीप खरेल, कोषाध्यक्षमा शत्रुघनप्रसाद गुप्ता, उद्योग सचिवमा प्रेमा

(बाँकी अन्तिम पृष्ठमा)

## बिर्तामोडको बजेट एक अर्ब १२ करोड

**बिर्तामोड, भदौ २३।** बिर्तामोड नगरपालिकाले आर्थिक वर्ष २०७६/०७७का लागि एक अर्ब १२ करोड ३२ लाख ४६ हजार रुपैयाँ बराबरको बजेट सार्बजनिक गरेको छ ।

बिर्तामोडलाई 'पूर्बाधारयुक्त नगर, विषादिरहीत कृषि र व्यवसायको अभिवृद्धि सभ्य र स्वस्थ नागरिक, बिर्तामोड नगरपालिकाको समृद्धि' भन्ने मूल नारासहित नगरले आर्थिक वर्ष २०७६/०७७का लागि बजेट सार्वजनिक गरेको हो । संघीय सांसद पवित्रा निरौला खरेलको प्रमुख आतिथ्यमा आयोजित कार्यक्रमकाबीच तेस्रो नगरसभाबाट पारित वजेट, नीति र कार्यक्रम सार्वजनिक गरिएको हो ।

जसमा आन्तरिक आम्दानी २० करोड, २७ लाख ५० हजार, (घर जग्गा रजिष्ट्रेशन ९ करोड समेत) नेपाल सरकार बित्तीय समानिकरणबाट २० करोड ९६ लाख, प्रदेश सरकार वित्तीय समानीकरणबाट ८२ लाख ९४ हजार, नेपाल सरकार सशर्त अनुदान २४ करोड ८२ लाख, सामाजिक सुरक्षा भत्ता १० करोड, समपूरक कोष बापत २ करोड, लागत सहभागिता वापत ८० लाख, संघीय सरकारको राजश्व बाँडफाँड वापत प्राप्त हुने रकम १३



करोड ८ लाख , प्रदेश सरकारको राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम १ करोड ५७ हजार २ हजार, एडीवी मार्फत १७ करोड समपूरक अनुदानबापत २ करोड र जिससमार्फत ९९ लाख रुपैयाँ आम्दानी अनुमान गरी सोही वमोजिमको रकम खर्च हुने नगरप्रमुख ध्रुवकुमार शिवाकोटीले बताए ।

सोही अवसरमा उत्कृष्ट सञ्चारमाध्यमका रुपमा कञ्चनजंघा एफएम, नगर शिक्षा विकास पत्रकारिताबाट पत्रकार कृष्ण हुमागाँई र राजु पाठकलाई नगद १५ हजार रुपैयाँसहित सम्मान गरिएको थियो । एफएमको सम्मान-पत्र प्रबन्ध निर्देशक चन्द भण्डारीले ग्रहण गरेका थिए ।

त्यस्तै बिर्तामोडमा रहेका अस्पतालहरु बिर्तासिटी, वीएण्डसी, कञ्चनजंघा, कन्काई, अञ्जली, मेची आँखा अस्पताल, दृष्टि आइ हस्पिटल, बिर्तामोड आँखा अस्पताल, मनमोहन सामुदायिक अस्पताललाई सम्मान गरिएको थियो । त्यस्तै १० वटै वडा कार्यालयमा उत्कृष्ट काम गर्ने समूह, उत्कृष्ट राष्ट्रसेवक पुरस्कार नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत पशुपति खतिवडा र वडा नम्वर १का सचिव टीका अधिकारीलाई प्रदान गरियो । त्यस्तै पूर्व नगर शिक्षा अधिकृत युवराज पाण्डेलाई समेत कार्यक्रममा सम्मान गरिएको थियो ।

(बाँकी अन्तिम पृष्ठमा)

**पायल्स तथा फिस्टुला समस्याको छारसूत्र विधिबाट सफल उपचार !**

काठमाडौंबाट आउनु हुने डाक्टरद्वारा **भदौ २४ गते मंगलबार**का दिन पायल्स, फिस्टुला, फिसर, दिशाबाट रगत जाने, पीप देखिने, मलद्वार चिलाउने, मलद्वार बरिपरि घाउ हुने, कब्जियत, मासू पलाएको, त्यस्तै ग्याष्ट्रिक, गानोगोला, अल्सरको उपचार हुने भएकोले विरामी वर्गले अग्रिम नाम दर्ता गराउन सक्नुहुनेछ ।

**माता मनकामना आयुर्वेद क्लिनिक**

अन्दुवा पुल पूर्व दक्षिण, निलो सिसा भएको घर,
बिर्तामोड, झापा (०२३-५४४५३८, मो. ९८४२७५७६०४)

**प्रोभिडेन्स कलेज अफ म्यानेजमेन्ट बिर्तामोडको विद्यार्थी भर्ना सम्बन्धी सूचना**

त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त यस प्रोभिडेन्स कलेज अफ म्यानेजमेन्ट बिर्तामोडमा स्नातक तह व्यवस्थापन संकायतर्फ **चार बर्षे वीवीएस प्रथम (4 yrs BBS First Year)** बर्षमा विद्यार्थी भर्ना खुलेको सम्पूर्ण विद्यार्थी तथा अभिभावकहरुमा जानकारी गराउँदछौं ।

**विद्यार्थी भर्ना आवेदन फारम कलेज प्रशासनबाट वितरण भइरहेको छ ।**

सम्पर्कः **प्रोभिडेन्स कलेज अफ म्यानेजमेन्ट**
बिर्तामोड-१, झापा (फोन नं. ०२३-५४०४४३, ५४०१९५)

**नतिजा प्रकाशन गरिएको सूचना**

यस पाथीभरा डिपार्टमेन्ट स्टोरद्वारा मिति २०७६ भदौ २१ गते लिएको अन्तरवार्तामा निम्नानुसारका उम्मेदवार उत्तीर्ण भएको जानकारी गराइन्छ ।

१) उत्तम राई २) समिता अधिकारी
३) जुनिता राई ४) मनिष शिवाकोटी

**पाथीभरा डिपार्टमेन्ट स्टोर**
बिर्तामोड, झापा

नेपालीहरुको लागि भरपर्दो सेवा
**निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ्ग सेन्टर**

Royal Enfield को आधिकारिक बिक्रेता (डिलर) भएकाले Royal Enfield को सम्पूर्ण पार्ट्सहरु १०% छुट गरिएको छ ।



यहाँ जुनसुकै कम्पनीको मोटसाइकल, स्कुटरका सम्पूर्ण पार्ट्स पाउनुका साथै सर्भिसिङ पनि गरिन्छ

**निशान्त मोटसाइकल पार्ट्स एण्ड सर्भिसिङ सेन्टर**
पानीटंकीको पहिलो गल्ली दायाँ साइड
सम्पर्क : निशान्त- ८३७२०७८४५४/८३४८४७३७१७ (इण्डिया), ९८४०१६४४५३ (नेपाल)



# शिवम्को नयाँ परियोजना

**बिर्तामोड, भदौ २३।** शिवम् हाउजिङ प्रालि बिर्तामोडले सोमबारबाट सुरक्षित आवासको बुकिङ खुल्ला गरेको जनाएको छ।

सोमबार बिर्तामोडमा आयोजित पत्रकार भेटघाट कार्यक्रममा प्रालिले दुईवटा हाउजिङ कोलोनीमा बन्ने घरहरुको बुकिङ खुल्ला गरिएको जनाएको हो।

झापाको बिर्तामोडमा बन्ने 'शुभम्' तथा 'हरिहर' नाम दिइएका दुईवटा हाउजिङ कोलोनीको निर्माण तीव्र गतिमा भइरहेको प्रालिका अध्यक्ष मनोज प्रसाईंले जानकारी दिए। उनले भने- 'हामीले सुरक्षित आवासका लागि घरहरुको बुकिङ आजैबाट खुल्ला गरेका छौं।' बढ्दो शहरीकरणसंगै अव्यवस्थित बसोबासले जरा गाडेको अवस्थामा ती हाउजिङ कोलोनी व्यवस्थित र सुविधासम्पन्न हुने जनाइएको छ।

प्रालिका अर्का सञ्चालक निर्मल भट्टराईका अनुसार उक्त कोलोनीहरुमा बिजुली, टेलिफोनका तार सबै जमिनमुनि राखिनेछ। उनले भने- 'हामी सुरक्षा लगायत सबै किसिमले उक्त आवास क्षेत्रलाई व्यवस्थित बनाउने कुरा विश्वास दिलाउन चाहन्छौं।' १५ धुरभन्दा बढी जमिनमा बनिने घरमा कार पार्किङ, फूलबारी लगायत सबै खाले सुविधा उपलब्ध हुने हाउजिङका सञ्चालक समिति सदस्य भट्टराईले बताए। एउटा घरको मूल्य कम्तीमा ९९ लाख रुपैयाँ पर्ने कम्पनीले जनाएको छ।




पूर्वाञ्चलमै सबैभन्दा ठूलो स्मार्ट हाउजिङ्गका रुपमा अब शिवम् हाउजिङ्ग प्रालिले बिर्तामोडका २ अलग-अलग स्थानमा सुगम् कोलोनी र हरिहर कोलोनीका नाममा सामुदायिक बसाइको अवधारणा ल्याएको छ। विगत एकदशकदेखि घर जग्गा व्यवसाय गर्दै, अलग्गै पहिचान बनाउन सफल शिवम् हाउजिङ्ग प्रालि बिर्तामोडको मेगा कम्प्लेक्समा आफ्नो अफिस सञ्चालन गरी सबैको विश्वासिलो बनेको छ।

पूर्वपश्चिम महेन्द्र राजमार्गबाट १.८ किलो मिटर दक्षिण कञ्चनजङ्गा स्कूलको दक्षिणपट्टि बिर्तामोड वाड नं. ४ हर्कलाल मार्गसगैं जोडिएको सुगम कोलनीको (एक बिगाह १५ कठ्ठा ६ धुर) क्षेत्रफलमा बनेको कोलोनीको लागत ५० करोड रहेको र २९ वटा आकर्षक र मजबुत घरहरु निर्माण भइरहेको बताइएको छ। हरिहर कोलोनी ५ विगाह ५ कठ्ठामा ८० वटा आकर्षक घरहरु ८० करोडको लगानीमा निर्माण भएको शिवम् हाउजिङ्ग प्रालिका प्रवन्धक निर्देशक सुदीप प्रसाईले जानकारी दिए। उनले भूकम्प प्रतिरोधात्मक, वास्तुशास्त्र बमोजिम सबै कोठाबाट वरण्डा निकालिएको र अण्डर ग्राउन्ड, बिजुली, केवल र नेटको तारहरु भएको घरको आजबाट बुकिङ खुल्ला भएको र सो हाउजिङ्गमा एउटा घरको मूल्य ९९ लाख पर्ने बताए।

१५ धुरमाथिका क्षेत्रफलमा बनिने अढाई तले सुन्दर घर कोलोनी जसमा उपभोक्ताले कम्युनिटी हल, स्वीमिङ पुल, निजी पार्किङ्ग, फिट्नेस सेन्टर र चिल्ड्रेन पार्कको आनन्द लिन पाउनेछन्। आवास निर्माणका लागि नेपाल सरकारबाट स्वीकृत प्राप्त, प्रमाणित र गुणस्तरीय निर्माण सामग्री प्रयोग गर्दै, लामो अनुभवबाट खारिएका दक्ष एवम् कुशल आर्किटेक्ट स्ट्रकचर इञ्जिनियर, सिभिल इञ्जिनियरसहितको बिज्ञ तथा शिवम् हाउजिङ्ग प्रालिमा अनुभवी कर्मचारीहरु खटिएको पत्रकार सम्मेलनमा जानकारी दिइयो।

कार्यक्रममा शिवम् हाउजिङ्गका प्रोपाइटर प्रसाईको अध्यक्षता रहेको थियो। सो कार्यक्रममा स्वागत मन्तव्य शिवम् हाउजिङ्गका प्रोपाइटर गोपीकृष्ण प्रसाईले राखेका थिए। कार्यक्रममा शिवम् हाउजिङ्गका प्रोपाइटरहरु निर्मल भट्टराई, डा. पुष्पा रेग्मी, गौरी भण्डारी, ज्ञानु प्रसाई लगायत शेयर सदस्यहरु भगिरथ पोद्दार, सजेश शिवाकोटी, सञ्जीव घिमिरे, दीपक संग्रौला लगायतको उपस्थिति रहेको थियो।

सो भवनहरु सुगम कोलोनी अढाई बर्षमा र हरिहर कोलोनी ४ बर्षभित्रमा तयार पार्ने लक्ष्य लिएको शिवम् हाउजिङ्गका प्रोपाइटर अध्यक्ष प्रसाईले जानकारी दिए।

## भाषणमा सत्यता नरहेको दावी

**झापा, भदौ २३।** भ्रष्टाचारविरुद्धको अभियानका अभियन्ताहरुले झापाको बिर्तामोडमा आएर सार्वजनिक गरेको वेरुजु र मोजमस्ती शीर्षकको खर्चमा कुनै सत्यता नरहेको झापाको शिवसताक्षी नगरपालिकाले दावी गरेको छ।

सभाका वक्ता ज्ञानेन्द्र शाहीले सर्वसाधारण जनतालाई भ्रममा पार्ने र जनमत बटुल्न खोजेको आरोप लगाउँदै नगरपालिकाका प्रवक्ता नवीन इजमले उनको अभिव्यक्तिप्रति खेद प्रकट गरेका छन्।

शिवसताक्षी नगरपालिकाले सोमबार एक बिज्ञप्ति प्रकाशित गर्दै 'भाद्र २१ गते शनिबारका दिन बिर्तामोडमा भएको कार्यक्रमका शिवसताक्षी नगरपालिकाको नाम जोडेर गरेको भाषणको हामी खेद प्रकट गर्दछौं।'

शाहीले जिल्लाका १५ वटै स्थानीय तहमा जनप्रतिनिधिले गरेको बेरुजु र अन्य कार्यालय सञ्चालन खर्चलाई मोजमस्ती शीर्षक दिएर भ्रष्टाचारको आरोप लगाएको नगरपालिकाले जनाएको छ।

गत आर्थिक बर्ष २०७४/०७५को मलेप डोरले सामाजिक सुरक्षा भत्ता बैकमार्फत वितरण गर्नुपर्नेमा विविध कारणले नगदै वितरण गरेको हुँदा उक्त रकमलाई शाहीले भ्रष्टाचार भनेकाले नगरपालिकाले दुःख व्यक्त गरेको नगर प्रवक्ता इजमद्वारा हस्ताक्षरित विज्ञप्तिमा उल्लेख छ।

नगरपालिकामा प्राप्त हुने वार्षिक सामाजिक सुरक्षा भत्ता वापतको रु. १० करोड ७५ लाख १९ हजार नियमित गर्नुपर्ने भनी औंल्याएको बेरुजु रकमलाइ शाहीले भ्रष्टाचार भनी असान्दर्भिक र झुटो विवरण पेश गरेर सर्वसाधरणलाई झुक्याएको विज्ञप्तिमा उल्लेख छ।

## बिर्तामोड ...

समेत अज्ञात समूहले बम विस्फोट गराएको थियो। बम विस्फोटका कारण वडा कार्यालयमा क्षति पुगेको थियो।

**सहाराद्वारा दुःख व्यक्त**

सहारा नेपाल बचत तथा ऋण सहकारी संस्थामा भएको बम विष्फोटको घटनाप्रति सहकारीले आफ्नो गम्भीर ध्यानाकर्षण भएको जनाएको छ।

सोमबार कार्यालयमा पत्रकार सम्मेलनको आयोजना गर्दै संस्थाको निर्माणाधीन कार्यालयको भवनको कम्पाउण्ड बाल र गार्ड रुमबीचमा बम बिस्फोट गराई भवनको अग्रभागमा क्षति पुऱ्याएको भन्दै संस्थाको गम्भीर ध्यानाकर्षण भएको जनाएको छ।

देशकै ठूलो सहकारी संस्था मध्येको एक संस्था जसले झापा लगायत मोरङ, सुनसरी, उदयपुर, इलाम, र पाँचथर गरी ६ जिल्लालाई कार्यक्षेत्र बनाई करिव एक लाख ४५ हजार शेयर सदस्यलाई सेवा प्रदान गरी स्वास्थ्य , शिक्षा, तालिम, क्षमता अभिवृद्धि लगायत सदस्यको जीवनस्तर उकास्न महत्वपूर्ण भूमिका खेलेको सबैमाझ छर्लङ्ग भएको सहकारीका अध्यक्ष ताराप्रसाद सञ्जेल र कार्यकारी अधिकृत महेन्द्रकुमार गिरीद्वारा जारी बिज्ञप्तिमा उल्लेख छ।

सहकारीको माध्यमबाट सामाजिक, आर्थिक रुपान्तरण गर्दै सेवा प्रदान गरिरहेको संस्थाप्रति लक्षित गरी गरिएको अवाञ्छित क्रियाकलापको विज्ञप्तिमा निन्दा र भर्त्सना गरिएको छ। घटनाबाट पर्न गएको चोटप्रति सम्पूर्ण शेयर सदस्य कर्मचारी एवम् शुभचिन्तकहरुप्रति धैर्य गर्न र आ-आफ्नो तर्फबाट महत्वपूर्ण भूमिका निर्वाह गर्न अपिल गरिएको छ।

पत्रकार सम्मेलनमा बितरित विज्ञप्तिमा अप्रिय घटनाको वारेमा उचित छानविन गरी आबश्यक कारवाही र सुरक्षाको लागि स्थानीय प्रशासनसँग माग गरिएको छ।

**प्रशासकीय अधिकृतलाई लक्षित गर्दै बम बिस्फोट**

मध्यराति, सबैजना मस्त निन्द्रामा थिए। चारैतिर अँध्यारो थियो। एकाएक सबै गाउँले तर्सिए। अँध्यारो र चकमन्न मध्यरातमा ठूलो आवाज आएपछि सबै तर्सिए। तत्कालै आवाज के को हो भनेर ठम्याउन सकेनन् गाउँलेले। एक कान दुई कान हुँदै गाउँभरि बिष्फोटको आवाज बारे चर्चा हुन थाल्यो त्यो पनि मध्यरातमै।

झापाको गौरादह नगरपालिका-३स्थित धोबिनिया चोकको घटना हो यो। सोही स्थानमा पाहुना खान गएकी झापा जुरोपानीकी कमला पराजुलीका कानमा पनि बिष्फोटको आवाज आइपुग्छ। उनीसँगै सुतिरहेका उनका छोराले उनलाई बाहिर नजान भन्छन्। तर, कमलाको मन मान्दैन। रातिको समय अझ मौसमपनि खराब थियो। सायद बिजुलीको मिटर पो पड्किएछ क्यारे भन्ठानेर कमला मूल ढोका खोलेर बाहिर निस्कन्छिन्। तर, बिजुली सबै ठीक छ। मिटर बक्स पनि ठीक देखेपछि भने कमलालाई डर लाग्न थाल्छ। के चाहिँ भएको होला भनेर उनी बरण्डामै टोलाइरहेकी हुन्छिन्। एकैछिनमा नजिकै रहेको इन्द्रबहादुर कटुवालको घरमा मान्छेहरु हल्ला गरेजस्तो सुन्छिन् उनी। त्यसपछि कमला पनि त्यतै जान्छिन्।

आइतबार मध्यराति झापाको गौरादह-३स्थित धोबिनिया चोकमा भएको घटना हो यो। जहाँ गौरादह नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सागर मिश्र स्थानीय इन्द्रबहादुर कटुवालको घरमा डेरा गरी बस्छन्। उनले आफू चढ्ने नगरपालिकाकै स्वामित्वमा रहेको बा२झ २५७० नम्बरको स्कार्पियो जिप आफू बस्ने घरको आँगनमा पार्किङ्ग गरेर राखेका थिए। त्यही गाडीलाई लक्षित गरी नेकपा माओवादी बिप्लब समूहका कार्यकर्ताले प्रेसर कुकर बम बिष्फोट गराएपछिको आवाज रहेछ, त्यो बिष्फोटको आवाज। सबै गाउँले रातिदेखि नै त्रसित भए। बिष्फोटबाट मिश्र चढ्ने नगरपालिकाको गाडीमा क्षति पुगेको छ भने मिश्रले डेरा गरेर बसेको घरमा समेत क्षति पुगेको छ।

**बिष्फोटको बेला नजिकै सुतिरहेका थिए अधिकृत मिश्र**

गौरादह नगरपालिकका प्रमुख प्रशासकीय अधिकृत सागर मिश्र चढ्ने गाडीमा बिष्फोट गराएका बेला नजिकै सुतिरहेका थिए अधिकृत मिश्र। उत्तरतिर सिरानी पारेर सुत्न हुँदैन भन्ने सुनेका उनले दक्षिणतिर सिरानी पारेर सुतेका थिए।

मध्यरातमा उनी मस्त निन्द्रमा थिए। अरुबेला खासै झुल टाँग्न मन नगर्ने मिश्रलाई आइतबार सुत्ने बेला झुल टाँग्न मन लाग्यो र झुल टाँगे। जतिबेला बिष्फोटको आवाज आयो, त्यसबेला मिश्र व्युँझिए। उनले आफ्नो नजिकै सिसाका टुक्राहरु प्रशस्तै देखे। त्यो पनि कोठाभित्रै अझ आफ्नै ओछ्यानमै। झ्यालमा पर्दा थियो। केही हदसम्म त झ्यालका सिसा फुट्दा पर्दाले छेकेछ क्यारे। पर्दानै छेडेर केही सिसाको टुक्रा मिश्रका कोठामा यत्रतत्र छरिएका थिए। मिश्रले चट्याङ परेको होला भन्ठाने। त्यसैबेला घरधनी इन्द्रबहादुर कटुवाल तल ओर्लिएर मिश्रलाई के को आवाज हो भन्दै सोध्न थाले। त्यसपछि उनीहरु बाहिर निस्किन्छन् र देख्छन् गाडीमा भएको क्षति। तत्कालै मिश्रले झापाका प्रहरी प्रमुखलाई आफू चढ्ने गाडीमा कसैले बिष्फोट गराएको समाचार सुनाउँछन्। राति नै झापा प्रहरी प्रमुख मिश्रको डेरामा पुग्छन्। तर, बिष्फोटबाट क्षति भइसकेको हुन्छ। अनुसन्धान गर्छौं भन्ने आश्वासन दिएर प्रहरी प्रमुख सदरमुकाम फर्कन्छन्।

**किन परे सागर विप्लवको निशानामा ?**

झण्डै २२ महिनाजति भयो मिश्र गौरादह नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत भएर आएको। उनी आएदेखि नै केही बिबादित बन्दै गए। उनले आफूले गल्ती नगरेको भन्दै पटक-पटक स्पष्टीकरण पनि नदिएका होइनन्।

तर, यस अघि डोल्पामा सहायक प्रमुख जिल्ला अधिकारी भएर बस्दा समेत बिबादित छवि बनाएका उनी बिर्तामोडमा समेत सामान्य विवादमा परे। त्यसपछि उनी गौरादह सरुवा भएर पुगे। त्यहाँ पनि उनी विवादित नै बने। नगरपालिकाको बृत्तचित्र बनाउन आफू निकटका पत्रकारलाई ५ लाख रुपैयाँ दिने भन्ने बिषयले उनलाई विवादित बनाउने कारण बनेको थियो। उनलाई पटक-पटक स्थानीयले समेत सचेत गराएका थिए। कहिले नगरपालिका घेराउ गर्थे स्थानीयवासीले भने कहिले बिज्ञप्ति नै निकाल्थे।

तर, पनि उनको बिबादित छबि सुधिन नसकेको गौरादह नगरपालिकाकै एकजना कर्मचारीले नाम नबताउने शर्तमा भने। केही दिन अघि मात्र झापाकै भद्रपुरमा भएको एक कार्यक्रममा नगरपालिकाबाट ४ जनाको टोली ३ वटा फरक-फरक गाडी लिएर गएको ती कर्मचारीले बताए। सो बिषयमा नगरपालिकाभित्रैका कर्मचारीबीच पनि निक्कै खासखुस चलेको थियो।

**प्रहरीकै कारण विप्लब बिच्कियो**

प्रधानमन्त्री केपी शर्मा ओली गतवर्षको फागुनमा झापाको अर्जुनधारास्थित सुखानी पार्कमा आयोजित एक कार्यक्रममा सहभागी हुन गृहजिल्ला आए। सदरमुकामबाट उनलाई मुत्तिचोक उत्तर हुँदै सुखानी पार्क पुऱ्याउने रुट तय भएको थियो। सोही बमोजिम तत्कालीन प्रहरी प्रमुख भीमप्रसाद ढकालले प्रहरीलाई निर्देशन दिएका थिए तर एकाएक प्रहरीले रुट परिवर्तन गर्दै प्रधानमन्त्री ओलीलाई सुखानी पुऱ्यायो। रुट परिवर्तनको एउटै कारण थियो कि विप्लव माओवादीले प्रधानमन्त्री ओली सवार सवारीमाथि आक्रमण गर्ने योजनाको आशंका।

उक्त कार्यक्रममा पुगेर प्रधानमन्त्री ओलीले नेत्र बिक्रम चन्द नेतृत्वको नेपाल कम्युनिष्ट पार्टीका दुई चार जना उफ्रिदैमा केही नहुने भन्दै विप्लवलाई समाप्त पार्ने चेतावनी समेत दिए। त्यस लगत्तै राजधानी फर्किएका ओलीले फागुन २८ गतेको मन्त्रिपरिषद् बैठकमार्फत विप्लव माओवादीमाथि राजनीतिक प्रतिबन्ध लगाउँदै पक्राउ गर्ने निर्णय गऱ्यो। त्यसपछि राजनीतिक संकट पैदा भयो। विप्लव माओवादीले पनि सरकारमाथि प्रतिबन्ध लगाउँदै जनकारबाही गर्ने घोषणा गऱ्यो।

प्रतिबन्ध लगत्तै आक्रामक बनेको सरकारले धमाधम विप्लव नेतृत्वका नेता तथा कार्यकर्ताहरुलाई पक्राउ गर्न थाल्यो। झापा प्रहरीले मात्रै हालसम्म १७ जना विप्लवका नेता तथा कार्यकर्ता पक्राउ गरेको छ। पक्राउ परेका मध्ये केही पार्टी परित्याग गर्ने लिखित शर्तमा छुटेका छन् भने केही अझै प्रहरीकै नियन्त्रणमा छन्। पक्राउ परेका अधिकांशलाई विभिन्न विष्फोटमा संलग्न भएको भन्दै मुद्दा दायर गर्न थालेपछि विप्लव माओवादीले पनि सरकारी तथा विभिन्न गैरसरकारी संघ-संस्थालाई निशानामा राखेर आक्रमणका श्रृखललाई निरन्तरता दिएको छ। तर, विप्लव माओवादीले आक्रमणको जिम्मा लिएको छैन भने जनकारबाही भन्दै पन्छिएको छ। हालसम्म देशभरबाट ७ सय ६१ जना नेता तथा कार्यकतालाई पक्राउ परेको प्रहरीले जनाएको छ। प्रहरीसंगको भीडन्तमा विप्लवका दुई इञ्चार्ज मारिएको प्रहरीले जनाएको छ।

## चेम्बर...

भट्टराई, वाणिज्य सचिवमा बिरोध सुवेदी रहेका छन् भने सदस्यमा विष्णुप्रसाद आचार्य, शीला ढकाल, गणेश पाठक (सुवोध), टंकप्रसाद भट्टराई, लक्ष्मी बस्नेत, मनोजकुमार अग्रवाल, अर्जुन चुडाल, धरणी पोखरेल, लीला चिमरिया र कृष्ण राजभण्डारी रहेको निर्वाचन अधिकृत शिवकुमार अग्रवालले जानकारी दिए।

महासचिव सुवास भट्टराईले सञ्चालन गरेको साधारणसभाको उद्घाटन प्रतिनिधिसभा सदस्य तथा अन्तर्राष्ट्रिय सम्बन्ध समितिकी सभापति पवित्रा निरौला खरेलले गरेकी थिइन्। वरिष्ठ उपाध्यक्ष गणेश सुवेदीले स्वागत गरेको साधारणसभामा बोल्दै प्रमुख अतिथि निरौलाले समृद्ध नेपाल निर्माणमा निजी आर्थिक क्षेत्रको योगदान अपरिहार्य रहेकोले आर्थिक विकासमा लागीपर्न उद्योगी-व्यवसायीलाई आग्रह गरिन्।

चेम्बर अफ कमर्स प्रदेश नं. १का अध्यक्ष राजेन्द्रकुमार घिमिरेले सरकारले आयातलाई प्रतिस्थापन गर्न नसकेको भन्दै निर्यात बढाउने खालका योजना ल्याउनुपर्नेमा जोड दिए। कार्यक्रममा नेकपा बिर्तामोडका अध्यक्ष ज्ञानुराम प्रसाई, चेम्बर अफ कमर्स अर्जुनधाराका अध्यक्ष पुष्पराज रेग्मी लगायतले शुभकामना मन्तव्य राखेका थिए।

## बिर्तामोडको...

बिर्तामोड नगरपालिका उपप्रमुख पवित्रा महतरा प्रसाईले स्वागत गरेको कार्यक्रममा सम्मानित व्यक्तित्व भण्डारी, पूर्व नगरशिक्षा अधिकारी पाण्डे लगायतले बोलेका थिए। कार्यक्रमको सञ्चालन जय तिम्सिनाले गरेका थिए।


**होटल विक्रीमा**

बिर्तामोडको नयाँ बसपार्क एरियामा रहेको होटल (खाजाघर) विक्रीमा रहेकाले लिन चाहने व्यक्तिले तु–सम्पर्क गर्नुहोला।

मूल्यः धरौटीसहित रु. ५ लाख मात्र।

सम्पर्कः ९८१४९६५८२०/ ९८१५९८७५३९

**सबै शेयर सदस्यहरूलाई हार्दिक निमन्त्रणा**

यस संस्थाको सञ्चालक समिति तथा लेखा समितिको म्याद समाप्त भएकोले निम्न मिति र स्थानमा नयाँ कार्य समिति र लेखा समितिको गठन गर्नुपर्ने हुँदा सबै सदस्यहरुलाई पत्र पठाइसकिएको छ। यदि कुनै कारणवश पत्र प्राप्त नभएमा यसै सूचनालाई आधारमानी अनिवार्य उपस्थित भई दिन हुन अनुरोध छ।

**तपसिल**:

**मितिः** २०७६/०६/०४ गते शनिबार ११ बजेदेखि

**स्थानः** शनिश्चरे माध्यमिक विद्यालय

**निर्वाचन दरखास्त दिने समयः** १२:०० देखि १२:३० बजेसम्म

**निर्वाचनः** १:३० देखि २:३० बजेसम्म

नोटः सहकारी ऐन् २०७४ र सो सम्बन्धी नियमावलीमा भएको व्यवस्था अनुसार एउटै प्रकृतिको वा अन्य सहकारी, संघ–संस्थाको पदमा वहाल रहेमा वा शेयर सदस्य भएमा संस्थाको समितिको पदको लागि योग्य हुने छैन।

बाबुराम कार्कीः निर्वाचन संयोजक

**श्री सहकारी संस्था लिमिटेड**

अर्जुनधारा नगरपालिका, शनिश्चरे (झापा)

**सस्तोमा भिटा विक्रीमा**

बिर्तामोड–१ देवी पञ्चकन्या प्लटिङमा १ कठ्ठा भिटा सस्तोमा अर्जेन्ट विक्रीमा छ।

**२० फुटे बाटो। ४० फुट मुख। ९२ फुट लम्बाई। वरिपरि प्लम उठाइएको।**

**लोकेशन : (देवी पञ्चकन्या प्लटिङको आइलेण्ड (गोलाई)बाट थोरै उत्तर पश्चिम। अर्थात् मोहनमाया स्कूल उत्तरको पार्टी प्यालेसबाट थोरै उत्तर पूर्व)**

**उच्च ठाउँ र शान्त वातावरण भएकाले घर आवासका लागि अति उत्तम।**

**तत्काल पास गर्नेले सम्पर्क गर्नुहोला।**

मो. ९८२३७२६९७९

**बिर्ता (सेफ्टी तथा ढल सफाई)**

बिर्तामोड, झापा

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ॥



पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ।

भूपाल बुढाथोकी

023-545402

9825952677

9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस्।

**कर्मचारी तु-आवश्यकता**

झापाको अर्जुनधारा–७मा सञ्चालन हुन लागेको लंका रिसोर्टका लागि निम्न अनुसारका कर्मचारीहरु आवश्यक परेको हुँदा इच्छुक तथा अनुभवी व्यक्तिले यही भदौ २४ गतेसम्ममा तु–सम्पर्क गर्नुहोला।



| | |
|---|---|
| **सेफः** १ जना | **कुकः** २ जना |
| **कुक हेल्परः** २ जना | **बार टेण्डरः** १ जना |
| **वेटरः** ३ जना | **वेट्रेसः** ३ जना |
| **म्यानेजरः** १ जना | **क्यामेरा पर्सनः** १ जना |

तलबः आपसी समझदारीमा। *सम्पर्कः ९८५२६७२६०२/९८१६०३४०५२*

**लंका रिसोर्ट, अर्जुनधारा-७, झापा**

**कर्मचारी आवश्यकता**

१) पञ्चकन्या हुँदै बाल्मीकि, मुक्तिचोक, कृषिथोक, शनिश्चरेरोड, मातामन्दिर, पुष्पलाल चोकसम्म पत्रिका वितरण गर्ने कर्मचारी चाहिएकोले इच्छुकले तु–सम्पर्क गर्नुहोला। (**तलबः ७०००+ बोनस गरेर १०,०००|–सम्म बचाउन आफ्नै मोटरसाइकल भएको हुनुपर्नेछ।) काम गर्ने समय बिहान ९ बजेसम्म।**

२) लक्ष्मीपुरबाट दुर्गापुर, सिमसार, कालीमुडा हुँदै चम्पापुरसम्म पत्रिका वितरण गर्ने कर्मचारी चाहिएकोले इच्छुकले तु–सम्पर्क गर्नुहोला। **तलबः ५०००+बोनस् गरेर ८,००० सम्म बचाउने, आफ्नै साइकल भएको हुनुपर्नेछ।**

नोटः ५ लाख बराबरको दुर्घटना बीमा गरिनेछ।

मो. ९८०१४०४०००, ९८१६६४१५७६


**शिवसताक्षी नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**ब्याडंडाडा, झापा** — **१ नं. प्रदेश, नेपाल**

## प्रेस विज्ञप्ति

मिति २०७६ साल भाद्र २१ गते शनिबारका दिन बिर्तामोड झापामा भएको एक कार्यक्रमको सन्दर्भमा विभिन्न सामाजिक सञ्जालमार्फत प्रेषित विवरणमा यस नगरपालिकाको समेत नाम उल्लेख भएको पाइएको हुँदा सो सम्बन्धमा यस नगरपालिकाको गम्भीर ध्यानाकर्षण भएको छ।

यथार्थ नबुझी वा बुझ्न नखोजी अपुष्ट विवरणका आधारमा प्रचार गरिएको उक्त विवरणका सन्दर्भमा केही कुरा राख्न उपयुक्त ठानिएको छ। यस नगरपालिकाले जनतासँग प्रत्यक्ष सरोकार रहेका विषयहरुलाई नगरको सीमित श्रोत र साधनको भरपुर उपयोग गर्दै विकास र समृद्धिलाई पहिलो एजेण्डा बनाइ जनतालाई सँगसँगै अगाडि बढाइरहेको व्यहोरा सर्वविदितै छ।

नेपाल सरकारको सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुलाइ अनिवार्य बैंकमार्फत वितरण गर्नुपर्ने नीति रहेको हुँदा बैंकिङ प्रणालीबाट भुक्तानी प्रक्रिया भइसकेको छ। विगतमा विविध प्राविधिक (सबै वडामा बैंकिङ सेवा नहुनु, लाभग्राहीले बैकमा खाता खोल्न आनाकानी गर्नु, समेतका) कारणले नगदै वितरण गर्नुपरेको व्यहोरा सबैमा विदितै थियो।

आ. व. २०७४/०७५ को म.ले.प. डोरले सामाजिक सुरक्षा भत्ता बैक मार्फत वितरण गर्नुपर्नेमा नगदै वितरण गरेको हुँदा नेपाल सरकारको नीति सम्बद्ध काम पूर्णरुपले नभएकोले यस नगरपालिकामा प्राप्त हुने वार्षिक सामाजिक सुरक्षा भत्ता वापतको रु. १०,७५,१९,०००|०० नियमित गर्नुपर्ने भनि औंल्याएको बेरुजु रकमलाई भ्रष्टाचारमा तुलना गरी असान्दर्भिक र झुटो विवरण प्रस्तुत गरिएको विषयप्रती हामी दुःख प्रकट गर्दछौं। उल्लेखित औंल्याएको बेरुजु उपर आ.व. २०७५/०७६देखि नगरपालिकाले अनिवार्य बैंकमार्फत मात्र सामाजिक सुरक्षा भत्ता वितरण गरिरहेको छ।

विभिन्न पूर्वाधार विकास योजना सञ्चालन गर्दा गर्दै आ.व. समाप्त भएको तर अर्को आ.व. मा योजना सम्पन भएका योजनाहरुको पेश्की, विभिन्न योजना कार्यक्रमको कर विजक संलग्न गर्नुपर्ने, प्रदेश सरकारलाई फिर्ता दिनुपर्ने तथा केही थप कागजात संलग्न गर्नुपर्ने नीतिगत बेरुजु म.ले.प. डोरले औंल्याएको र औंल्याएका विषयहरु सम्बोधन भैसकेका छन्।

यस नगरपालिकामा समायोजन भई आएका विभिन्न पद तथा विधाका कर्मचारीहरु सामुदायिक विद्यालयका शिक्षक कर्मचारीहरु तथा नगरको कार्यवोझका आधारमा नियुक्त गरिएका कर्मचारीहरुको तलब भत्ता सेवा सुविधा कानून सम्मत तोकिएको छ भने स्थानीय जनप्रतिनिधिहरुको सेवा सुविधा प्रदेश सरकारले निर्धारण गरेको छ। नियम बमोजिम पाउने सेवा सुविधाको रकमलाई मोजमस्ती शीर्षक खर्च भनी उल्लेख भएको पाइएको हुँदा प्रस्तुतिको शैली तथा शब्दावली सच्चाइयोस् भनी हामी सुझाउन चाहन्छौ।

नगरपालिकाको वार्षिक नीति बजेट तथा कार्यक्रममार्फत नगरको सम्पूर्ण आन्तरिक आम्दानी, नेपाल सरकारको अनुदान (शसर्त र निःशर्त), प्रदेश सरकारबाट यस नगरमा आम्दानी बाँधिने गरी उपलब्ध श्रोत तथा उल्लेखित श्रोत अनुसार हुने/गर्ने खर्च विवरण नगरबासी समक्ष पुऱ्याएकै छौं। विकास निर्माणका कार्यमा कहाँ के कति रकम विनियोजित छ र के कसरी काम भइरहेको छ भन्ने वास्तविक तथ्य नगरवासीका अगाडि छर्लङ्गै छ।

तथ्यहीन एवम् भ्रमपूर्ण उत्तेजित भाषणबाजीबाट जनमत प्राप्त जनप्रतिनिधिहरुलाई अपमानित गर्ने, जनमतमाथि नै धावा बोल्ने, जनतालाई भ्रमित पार्ने कुचेष्टा राखी आएको अभिव्यक्तिको भत्सर्ना गर्दै यस्ता भ्रामक भाषणबाजीको कुनै औचित्य नरहेको व्यहोरा नगरवासी समक्ष निवेदन गर्दछौं।

यसै नगरका जनताहरुले नगरको विकासका लागि ठूलो विश्वास गरी प्रदान गर्नुभएको जिम्मेबारीलाई डगमग गर्ने गराउने कार्य कहिल्यै नहुने बचनबद्धतासहित गलत र भ्रामक भाषणबाजीमा विश्वास नगर्न सम्पूर्ण नगरबासीहरुमा हार्दिक अनुरोध गर्दछु।

**नवीन इजमः** नगर प्रवक्ता — मिति २०७६/०५/२३

श्रीअन्नु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित – कार्यालय : बिर्तामोड–१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ उप सम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : हेमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ प्राविधिक : बद्री महतारा
■ प्रेसिङ : गोपाल मण्डल ■ बजार प्रतिनिधि: गोपाल अधिकारी–९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३–५४१००२/प्रशासन/विज्ञापन : ०२३–५४००४४) Email: purwanchal2052@gmail.com /purwanchal@ntc.net.np

पूर्वाञ्चल

## सम्पादकीय

# घोषणा कार्यान्वयन गर

स्थानीय सरकार भनेर पालिकाहरुलाई भनिन्छ हिजोआज । पालिका अर्थात् गाउँ तथा नगरपालिकाहरुको क्षेत्र पहिलाभन्दा ठूलो भएको छ । तिनको कार्यक्षेत्र व्यापक भए जस्तै अधिकार पनि थपिएको छ । संघीयताको कार्यान्वयनले क्षेत्राधिकार बढोत्तरी भई जनप्रतिनिधिहरुको पहुँच र शक्ति पनि बढेको छ । जसका कारण केन्द्र वा जिल्लाको मुख ताक्नुपर्ने अवस्थाको अन्त्य भएको छ भने विकास निर्माणका काम उनीहरुकै प्राथमिकताका आधारमा निर्देशित हुन्छन् । यसरी वडा प्रमुखदेखि पालिका प्रमुखसम्मका जनप्रतिनिधि अधिकारदेखि सुविधासम्पन्न भइरहेका छन् । बहुदलीय शासन व्यवस्थामा जनप्रतिनिधिहरु आफ्नो खाएर जनताको सेवा गर्थे भने संघीयताले तलबी कर्मचारी बनाएको छ उनीहरुलाई । अझ स्वनिर्णयले सेवासुविधा बढाउने र लिने परिपाटीको विकास हुन थालेको छ, यसले गन्तव्य अनिश्चित हो कि ! भन्ने शंका, भय र अविश्वास पनि जगाउन थालेको छ ।

एउटा पालिका र अर्को पालिकाबीच समन्वय छैन न त कुनै कुरा अनुशरण योग्य मानिन्छ । प्रत्येकले आ–आफ्नै खुशी र ढंगले नीति तथा कार्यक्रम घोषणा गरेका छन् । यस्तो देखिन्छ कि उनीहरुको गतिविधि, काम–कारवाही र कार्यक्रमहरुको अनुगमन तथा नियमन गर्ने नै कोही छैन । बजेट, कार्यक्रम तथा नीति सार्वजनिक गर्दा अनपेक्षित र महत्वाकांक्षी योजना सार्वजनिक गरिन्छ, त्यसको कार्यान्वयन समयावधि सकिँदा समेत उठानकै विन्दूमा हुन्छ । त्यस्तै भएको छ बिर्तामोडको फोहर, शौचालय र कृषिथोक बजारको व्यवस्थापनको विषय । बिर्तामोड नगरपालिकाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार बनेको नियम र कार्यविधिको परिधिमा रहेर नगरसभाबाट पारित गरेको सार्वजनिक शौचालय निर्माण गर्ने प्रतिबद्धता प्रतिद्धतामै सीमित छ । बिर्तामोड जिल्लाकै प्रमुख व्यापारिक केन्द्र हो, यहाँको घनत्व पनि धेरै छ र, आवागमनको दर पनि त्यत्तिकै बढी छ । तर, बजार भर्न आउने वा आवागमन गर्नेहरुका लागि सार्वजनिक शौचालय नहुँदा यात्रु लगायतका सबैले भोगेको सास्तीले सबैलाई दुख्नु पर्दछ ।

त्यसैगरी नगरपालिकाले घोषणा गरेको फोहरको व्यवस्थापन, अर्ग्यानिक बिर्तामोड लगायत कृषिथोक बजारको सुव्यवस्थापन र स्तरोन्नतिको कुरा अझै सुन्दर भाषामा सीमित छ । उम्मेदवारहरुले निर्वाचनताका प्रतिबद्धता जाहेर गरे, हार्ने बाहिरिए जो भित्रिए उनले पनि बिर्सिए । परिणाम फोहर सर्वत्र छरपष्ट छ । स्थानीयबासीले समेत आफ्नो घर र कोठाबाट बाहिर लानासाथ दायित्व बिर्सिए, सडक किनार, खोलाको किनार र कतिले त खोलामै फोहर विसर्जन गरिरहेका छन् । आफू पानी माथिको ओभानो भएको दाबी गर्दैछन् ।

मानिसको आचार–विचार, व्यवहारले सभ्यताको संकेत गर्छ । अर्थात् प्रत्येक व्यक्ति आफूले नै सभ्य बन्ने प्रयास गर्नुपर्छ । त्यसका लागि फोहर उत्पन्न गर्ने वस्तुको प्रयोग, उत्सर्जन र व्यवस्थापनमा आफैं जिम्मेवार र सचेत हुनुपर्छ । त्यसपछि मात्र पालिका वा प्रतिनिधिको जिम्मेवारी देखिने छ । बिर्तामोडमा उत्पन्न फोहर अन्य कुनै पालिकाबाट ल्याएको होइन यो सबैले बुझ्नु जरुरी छ । प्रत्येकको चेतना र सजगताले प्रदुषणबाट हुने तत्कालीन र दीर्घकालीन असर कम गर्न सहयोग पुग्नेछ ।

स्थानीय सरकार स्थानीयबासीको संरक्षक हो । उसले संरक्षकको भूमिका र दायित्व निर्वाह गर्नैपर्छ । त्यसका लागि कर्तव्य र अधिकारको सन्तुलित उपयोग गर्ने, सकेसम्म सेवाभाव र सुविधासम्पन्न नागरिक बनाउने लक्ष्य केन्द्रमा राख्नु पर्दछ । बिर्तामोड शिक्षा, स्वास्थ्य, अर्थ, राजनीति र भौतिक विकासका दृष्टिले मात्र होइन सभ्यता, सौन्दर्य, सचेतनाका आँखाले पनि महत्वको पाकिला बन्नु पर्दछ । त्यसका लागि सस्तो लोकप्रियता बटुल्ने बाटो, नाला निर्माण गर्ने कामभन्दा सुदूरपूर्वको लक्ष्यमा केन्द्रीत गर्नुपर्छ । अव्यवस्थाको पहाडले थिचेको छ बिर्तामोडलाई । अव्यवस्थित, योजनारहित र आफू खुशी निर्माण भएको बिर्तामोडलाई व्यवस्थित गर्न काटमार नियन्त्रण गर्ने, सार्वजनिक शौचालय बनाउने, प्रदुषण व्यवस्थापन गर्ने, दीर्घकालीन र दिगो विकासको परिणाम प्राप्त हुने योजना र कार्यक्रमको प्रतिबद्ध अग्रसरता चाहिएको छ । स्थानीय सरकार यसप्रति सचेत र सजग होस् ।

# नेपालमा सहकारीताको अभ्यास र मर्जरको प्रयास



गोकुलप्रसाद अधिकारी

ऐतिहासिक कालखण्डको छ दशकभन्दा माथिको समयमा नेपालको इतिहासले संगालेको सहकारीताको अभ्यास, प्राप्त उपलब्धि, भविष्यले निर्धारण गर्ने सम्भावना र सामना गर्नु परेका उतार चढाव तथा चुनौतिहरुको सही र न्यायोचित विश्लेषण गर्न सहकारीमा आफ्नो जीवनका अधिकांश समय व्यतित गरी सहकारीमै आफ्नो भविष्य खोज्ने अभियन्ताहरुले प्रयास गर्ने छन् । र, ती प्रयासहरुले सहकारीमा आफ्नो भविष्य खोज्ने अन्य सहकारीकर्मीहरुका लागि अवश्य नै प्रेरणादायी भूमिका निर्वाह गर्नेछन् भन्ने कुरामा विश्वस्त हुन सकिन्छ।

वि.सं. २०१० सालको सहकारीको अवधारणामा आधारित रहेर वि. सं. २०१३ सालदेखि विधिवत् र औपचारिक रुपले शुरु गरिएको सहकारीताको अभ्यास र प्रयासले भने निश्चितरुपमा नेपाली समाजमा व्यापकता प्राप्त गरी राष्ट्र निर्माणमा एउटा गहकिलो औजारको रुपमा आफूलाई उभ्याउन सफल भएको छ। शेयर सदस्यहरुसँगबाट संकलित रकमले शेयर सदस्यहरुकै हित र आर्थिक उन्नतिका लागि लगानी गरी उक्त लगानीबाट प्राप्त प्रतिफलहरुलाई समेत शेयर सदस्यहरुकै बीचमा बाँडेर आर्थिक अभावको गर्जो टार्ने माध्यम सहकारीभन्दा अर्को सहज पाटो कुनै पनि व्यापार व्यावसाय हुन सक्दैन। सहकारीहरु नितान्त नाफामुखी मात्र छैनन्, अपितु आर्जित नाफाले समाजमा रहेका विपन्न वर्ग, पिछडा वर्ग तथा सीमान्तकृत वर्गहरुको हितको लागि अनेकन प्रयासहरु गरी आफूलाई सेवामुखी संस्थाको रुपमा समेत स्थापित गराइरहेका छन् ।

निहित स्वार्थ, आफ्नै मात्र भरणपोषण तथा आर्थिक रुपले विकृत मानसिकता भएका केही सहकारीकर्मीहरुको बदनियतिले गर्दा कहींकतै, कुनै सहकारीहरु सर्वसाधारणको रकम संकलन गरी फरार हुने प्रवृत्ति समेत नदेखिएको, नसुनिएको होइन । साथै लहड र देखासिखीले खोलिएका कतिपय सहकारीहरु मृतप्रायः र निस्कृय नरहेका होइनन् । तथापि एउटा विराउने सारा पिराउने भन्ने उखानलाई चरितार्थ गराई समग्र सहकारी जगतलाई नै एउटै तराजुमा राखी बदनाम गराउने दुष्प्रयास गर्नु कुनै पनि सभ्य समाजको आचरणभित्र पर्दैन ।

विश्व बजारले सहकारीताको अभ्यास गरेको लगभग १७५ वर्ष व्यतित भइसकेको छ। जसको तुलनामा हामी धैरै पछि छौं। तथापि, हाम्रो जस्तो अति कम विकसित राष्ट्रले यति छोटो समयावधिमा गरेको सहकारीताको प्रयासलाई पक्कै पनि कम आँक्न मिल्दैन किनभने हाम्रो जस्तो भौगोलिक विकटताले घेरिएको देशमा समेत सम्भव भएका हरेक गाउँ, टोल र विकट वस्तीहरुमा समेत सहकारीहरुले आफ्नो सेवा विस्तार गरी आर्थिक क्रियाकलापहरुको सन्तोषजनक वृद्धि गरिरहेका छन्। फलस्वरुप, आर्थिक अभावको कारणले ग्रामीण र विकट भेगहरुमा आउने आर्थिक विचलन र दैनिक जिविकोपार्जन गर्न कठिनाइ भई ग्रामीण क्षेत्रबाट पलायन भई सहरकेन्द्रित हुने प्रवृत्तिलाई सहकारीहरुले यथासक्दो रोक लगाएको अवस्था बुझ्न गाह्रो पर्दैन । साथै कुनै पनि आर्थिक कारोबार सञ्चालन गर्न ठूलो धनराशी र आर्थिक ज्ञाता नै हुनुपर्छ भन्ने गलत मानसिकतालाई सानो-सानो पूँजी र सामान्य लेखपढ तथा बजारको सामान्य जानकारी राखे पुग्ने अवस्थामा सञ्चालित सहकारी संस्थाहरुले उपयुक्त जवाफ दिइरहेका छन् ।

वि.सं. २०१० सालमा गठन भएको सहकारी विभाग वि.सं. २०४८ सालसम्म पूर्णरुपमा तत्कालीन सरकारको अधिनमा रहन गयो । सो समयावधिमा सहकारीहरुले जुन द्रुतगतिले विकास गर्नुपर्ने थियो अपेक्षित विकास हुन सकेन। वि.सं. २०४८ सालमा सहकारी ऐन जारी भएदेखि भने सहकारीहरुको निरन्तर विकास हुँदै गई वि.सं. २०५० सालमा सहकारी नियमावली २०४९ जारी भएपश्चात भने सहकारीहरुको अपेक्षित विकासको क्रम तीव्ररुपमा भएको पाइन्छ। नेपालले सहकारीताको अभ्यास गरेको लगभग ४२ वर्षपछि अर्थात् वि. सं. २०५४ सालमा मात्र नेपाललाई अन्तर्राष्ट्रिय सहकारी महासंघको सदस्यता प्राप्त भएको थियो। यसरी विभिन्न विभाग र समितिहरु अन्तर्गत सञ्चालन हुँदै आइरहेको सहकारी वि.सं.२०६९ जेठ ५ गते गठित सहकारी तथा गरिबी निवारण मन्त्रालय अन्तर्गत रही कार्य गर्न थालेको थियो।

वि.सं. २०६२/२०६३ सालको ऐतिहासिक जनआन्दोलनपश्चात राजसंस्थाको समापनसँगै उदय भएको गणतान्त्रिक नेपालको संविधान २०७२ ले सहकारीलाई राष्ट्रको तीन खम्बे अर्थनीति अर्थात् सरकारी, सहकारी र निजी गरी परिकल्पित र व्यवस्थित गरी सोही अनुसारको मान्यता दिएको छ। हाल नेपालमा सञ्चालित करिब ३४ हजार सात सय पचास सहकारीहरुले लगभग रु. तीन खर्ब ४५. ५९ अर्ब रुपैयाँ (२०७५ को फागुन महिनासम्ममा) संकलन गरेका छन् भने लगभग रु. दुई खर्ब ६० अर्ब रुपैयाँ लगानीमा रहेको छ। त्यसैगरी फागुन २०७५ सम्ममा कूल सदस्यहरु ६५ लाख १२ हजार तीन सय ४० जना रहेका छन्। त्यसैगरी नेपालको कूल जनसंख्याको लगभग २१.७१ प्रतिशत जनसहभागिता रहेको सहकारी क्षेत्रलाई राज्य सञ्चालनको मुख्य जिम्मेवारी सम्हालेर बसेका राज्य सञ्चालकहरुले सहज र हल्कारुपले लिएमा त्यसबाट उत्पन्न हुने नकारात्मक परिणामले सिंगो अर्थतन्त्रलाई तहस-नहस पार्न सक्छ र त्यस्तो नकारात्मक परिणामले निम्त्याउने आर्थिक विचलनलाई हाम्रो जस्तो सानो अर्थतन्त्र भएको मुलुकले धान्न सक्दैन।

हाल चर्चामा रहेको सहकारीहरुको मर्जर प्रक्रियाको सन्दर्भमा भन्नुपर्दा मर्जर गर्नुपर्ने पर्याप्त कारणहरु के-के छन्, मर्जर नगर्दाका नकारात्मक प्रभावहरु के-के छन्। किन मर्जरमा जानुपर्ने हो ? त्यसका पर्याप्त र ठोस आधार र कारणहरुका बारेमा व्यापक बहस चलाउन अत्यन्त आवश्यक छ। विगतमा सरकारद्वारा आवश्यक गृहकार्य नगरी गरिएका निर्णयहरु कार्यान्वयनमा ल्याउन अनुभव गरिएका असफल प्रयासहरु तथा लहडमा र कसैको उत्कन्ठाद्वारा सिर्जित भावनाहरुमा बहकिएर ल्याइएका विधेयकहरुलाई पास त गराइयो। तर, के तिनीहरुको मर्म र भावना अनुसार तथा यथास्थितिमा कार्यान्वयनमा ल्याउन सम्भव भयो कि भएन भनेर साँचो मन र चिसो दिमागले सोच्न जरुरी छ। सम्बन्धित मन्त्रालयको जिम्मेवारी लिएर बसेका मन्त्रीहरुमा सम्बन्धित विभागको कार्यगत अनुभव छ कि छैन, क्षणिक लोकप्रियता हासिल गर्नका लागि गरिने निर्णयहरुले दिर्घकालीन रुपमा के-कस्ता असर गर्न सक्छन् भनेर सोचविचार गरेर मात्र निर्णय लिँदा दीर्घकालसम्म त्यसको सकारात्मक प्रभाव र शुभसन्देश दिन सकिने कुरामा दुईमत हुन सक्दैन।

हाल देशभरमा छरिएर रहेका ३४ हजारभन्दा बढी सहकारीहरुलाई १०-१२ हजारमा ल्याउने जुन अभिव्यक्ति सम्बन्धीत विभागिय मन्त्रीबाट वाहिर आएको छ, त्यसको पछाडी के-के तर्कहरु छन्, के त्यत्रो संख्यालाई हठात तल झार्दा बाध्यकारी नियम आवश्यक छ कि छैन, यदि छैन भने के त्यो प्रयास सफल होला ! यस्ता अनगिन्ति प्रश्नहरुले आम सहकारीकर्मीहरुलाई अवश्य पनि उत्सुकता जगाएको हुनुपर्दछ।



नेपालको संविधान २०७२ लागू भई उक्त संविधानद्वारा परिकल्पित तीन तहको सरकार अर्थात्, स्थानीय, प्रदेश र संघीय व्यवस्था अन्तर्गत देशमा शासन व्यवस्था लागू भइसकेको परिप्रेक्षमा तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ (ख) का उपदफाहरु १ देखि ७ सम्ममा व्यवस्था भए बमोजिम स्थानीय निकाय अन्तर्गत सञ्चालित सहकारी संघ-संस्थाहरुलाई आवश्यकता र औचित्यताका आधारमा मर्जर वा एकीकरण गर्ने अधिकार सम्बन्धित स्थानीय निकायलाई नै प्रत्यायोजन गराउनुपर्दछ। त्यसैगरी प्रदेश सरकार अन्तर्गत सञ्चालित सहकारी संघ-संस्थाहरुलाई प्रदेश सरकार र संघीय सरकार अन्तर्गत सञ्चालित सहकारी संघ-संस्थाहरुलाई संघीय सरकार मातहत मर्जर वा एकीकरणको व्यवस्था मिलाउनु पर्दछ। त्यसो गर्नाले स्थानीय निकायहरुलाई प्रत्यायोजित अधिकारहरुको प्रयोगको औचित्यता पुष्टि हुनुका साथै भविष्यमा आईपर्ने जस र अपजसको भागीदार समेत सम्बन्धित स्थानीय निकाय मै रहन्छन्। उदाहरणको लागि नेपालकै होचो गाउँपालिका अर्थात् कचनकवल गाउँपालिकामा सञ्चालित कुनै सहकारी संस्थाको बारेमा कृषि तथा सहकारी मन्त्रालय, काठमाडौंलाई भन्दा निश्चितरुपमा कचनकवल गाउँपालिकालाई बढी ज्ञान र आवश्यकताको अनुभव रहन्छ। त्यसैले सोही गाउँपालिकाले औचित्यता र आवश्यकताको आधारमा सहकारीहरुलाई मर्जर वा एकीकरणमा लाने वा प्रोत्साहन गर्ने कार्य गरोस्।

नेपाली जनताहरुको वर्षौंवर्षदेखिको चाहना, सयौं सपुतहरुको सहादत, हजारौं आन्दोलित योद्धाहरु घाइते भई प्राप्त प्रजातन्त्र र त्यसपछिका बलिदानपूर्ण संर्घषपछि मात्र प्राप्त गणतन्त्रलाई संस्थागत गर्दै दिगो विकास र समृद्धितर्फ अग्रसर गराउन सकियोस् भन्ने हेतुले आम नेपाली जनताहरुको सक्रिय सहभागिताबाट प्राप्त जनमतको उचित मूल्यांकन गरी समग्र राष्ट्रलाई खासगरी कमजोर भएको अर्थतन्त्रलाई सही दिशा र उपयुक्त नेतृत्व प्रदान गर्न आवश्यक छ। प्राप्त जनमतको सही र उपयुक्त तवरले सम्बोधन गर्न सकिएन भने यस्तो सुनौलो अवसर प्राप्त गर्न फेरि कति वर्षसम्म पर्खनुपर्ने हो त्यसको बेलैमा समिक्षा गर्दै अगाडि बढ्नुपर्ने बेला हो यो।

कुनै पनि दिर्घकालीन असर पार्नेखालका परिवर्तनहरु गर्नुभन्दा अगाडि व्यापक गृहकार्य र आवश्यक छलफल, बहस तथा सरोकारवाला व्यक्तिहरुका विचार र सुझावहरुलाई समेत सुन्ने, बुझ्ने र अनुशरण गरेर मात्र प्रयोग गर्नाले त्यसबाट अपेक्षित उपलब्धिहरु हासिल हुनेछन्। अन्यथा विगतमा जस्तै विधेयक ल्याउने, लागू गराउने प्रयास गर्ने र जनदबावपछि सरकारपछि हट्दै जाने हो भने नेपाली जनताका विकासका चाहनाहरु थाती नै रहनेछन् अनि समय घर्केको थाहै पाइने छैन।

*अधिकारी अनन्त बचत तथा ऋण सहकारी संस्था, बिर्तामोड, झापाका अध्यक्ष हुन्।*

# मानिस किन सर्वश्रेष्ठ प्राणी ?

डा. डम्वर चेम्जोङ

प्राणी जगतमा मानिसलाई सर्वश्रेष्ठ मानिन्छ। त्यसो त सर्वश्रेष्ठताको दावा र निर्णय गर्ने नै मानिस आफैं हो। साथै अन्य प्राणीहरुबाट प्रश्न र त्यस्तै दाबी नभएसम्म अहिलेलाई मानिस सर्वश्रेष्ठ प्राणी नै मानौं। त्यहीं मानिस जो अर्कालाई भारी बोकाउँछ, आफू खाली हिँड्छ। अरुको कमाइको शोषण गरेर आफू आरामदायी जीवन बाँच्छ। मानिस कहिलेकाहीँ मानिसलाई नै यसरी ढाँट्छ कि मानौं ढाट्नु, छल्नु नै मानिसको मूल चरित्र हो। तर, उल्लेखित नकारात्मक चारित्रिक विशेषताहरुका कारणले मानिस किञ्चित पनि सर्वश्रेष्ठ प्राणी भएको होइन।

विभिन्न धार्मिक मतहरुमा उल्लेख भए झैं भगवानको इच्छाले नारी र पुरष जोडी मनुवा सिर्जना गरेर यस दैहिक संसार र समाजको निर्माण भएको कुरालाई पनि बैज्ञानिकहरु प्रामाणिक मान्दैनन्। तर, संसार र मानव समाज कसरी बनेको हो, कसले बनाएको हो भन्ने सम्बन्धमा मानवशास्त्रीहरु आफूले अध्ययन गरेको समाज र समुदायले जस्तो विश्वास गर्दछन्। उनीहरुको त्यस्तो विश्वास र जीवनदर्शनको कदर र सराहना गर्दछन् र त्यस्तो मान्यतालाई एउटा विशिष्ट, भिन्न र आफैंमा आधिकारिक संस्कृति र समाजको रुपमा ब्याख्या र अभिलेखीकरण गर्दछन्। हालसम्म प्राप्त प्रमाणहरुले के देखाउँछन् भने लगभग २५ लाख वर्षदेखि ३५ लाख वर्ष अगाडि कम्तिमा पनि १० लाख वर्ष जति वर्तमान अफ्रिका महादेशका विभिन्न जंगलहरुमा संघर्ष र मेहनत गरेपछि मात्र दुई खुट्टामा ठाडै ठमठम हिँड्न सक्ने गरी मानिसमा शारीरिक क्षमताको विकास भयो।

वास्तवमा दुई कारणहरुले मानिस अन्य प्राणीभन्दा श्रेष्ठ मानिन्छ। प्रथमतः मानिस संस्कृति निर्माणको क्षमताले सम्पन्न हुनुले अन्य प्राणीहरुभन्दा श्रेष्ठ मानिएको हो। दोस्रो, दुई हातलाई अन्य प्रयोजनको लागि स्वतन्त्र छोडेर दुई खुट्टामा ठाडै उभिन, ठमठम हिँड्न, बेगले दौडन सक्ने क्षमताले पनि मानिसलाई अन्य प्राणीहरुभन्दा शारीरिक अंगहरुको उपयोगको क्षमतामा श्रेष्ठ मानिएको हो। मानिसमा यो तहको शारीरिक र सांस्कृतिक क्षमताको विकास रातारात वा दुई-चार सय वा दुई-चार हजार वर्षकै अन्तरालमा भएको होइन। मानिस आज जुन शारीरिक र मानसिक क्षमताले सम्पन्न छ, त्यो क्षमताको विकास गर्न मानिसका पूर्खाले कम्तिमा पनि गएको तीस-पैंतीस लाख वर्षदेखि अनवरत मेहनत र संघर्ष गरेका छन्।

हालसम्म प्राप्त प्रमाणहरुले के देखाउँछन् भने लगभग २५ लाख वर्षदेखि ३५ लाख वर्ष अगाडि कम्तिमा पनि १० लाख वर्ष जति वर्तमान अफ्रिका महादेशका विभिन्न जंगलहरुमा संघर्ष र मेहनत गरेपछि मात्र दुई खुट्टामा ठाडै ठमठम हिँड्न सक्ने गरी मानिसमा शारीरिक क्षमताको विकास भयो। दुई खुट्टामा हिँड्न सक्ने भएपछि हात स्वतन्त्र छोडेर, घाँसे मैदानमा उभिएर दूर क्षितिजसम्म दृष्टिपात गर्न सक्ने भयो र शत्रु, वा सिकारको नजर गर्न सक्ने भयो। यसरी दुई खुट्टा हिँड्न सक्ने क्षमताले मानिसमा अन्य यावत थप क्षमताहरुको विकास भयो। स्वतन्त्र हातहरुका काँध, कुम यसरी विकसित हुँदै गयो कि मानिस घुयत्रो हान्न सक्ने भए। निरन्तर उपयोगले हातका औंलाहरुले बलियोसँग ढुँगा पक्रेर जनावर वा शत्रुमाथि टाढैबाट मिसाइल छोडे जसरी मार हान्न सक्ने क्षमता क्रमशः विकास हुँदै गयो।

उल्लेखित शारीरिक क्षमतामा क्रमशः भएको विकाससँगै मानिसको दिमागी क्षमता पनि क्रमशः झन्-झन् विकसित हुँदै आएको प्रमाणहरु पाइन्छ। भौगर्भिक काल मापन शारिणी (जिओलोजिकल टाइम स्केल) ले पृथ्वीमा प्राणीहरुको उत्पत्ति र विकासलाई विभिन्न काल र युग खण्डहरुमा विभाजन गरेको छ। त्यस्ता काल र युगहरु मध्ये क्वार्टनरी पिरियडको प्लिस्टोसीन एपोक - जो बितेको २० लाख वर्षको समय काललाई मानिन्छ - मा नै मानिसमा आजको शारीरिक र मानसिक क्षमताको पूर्ण बिकास भएको मानिन्छ। विगत २० लाख वर्षको प्लिस्टोसीन पिरियडभरिमा आजको युरोप, उत्तर अमेरिका र एशिया प्रत्येकले चार-चारवटा ठूला-ठूला (करिब४० हजारदेखि ६० हजार वर्ष अवधिका) हिमयुगका कालखण्डहरु भोगे।

हजारौंहजार वर्षसम्मको हिमयुगका बेला समुद्र समेत भू-भाग जस्तै बने, हिउँले ढाकेर। हालको एशिया र हालको उत्तर अमेरिकाको अलास्काहरु, एशिया र हालको अष्ट्रेलिया, हालका अफ्रिका, हालका युरोप समेत एउटै ल्याण्ड मास जस्तो बन्यो। दुईखुट्टे प्राणी मान्छेले जीवनको लागि गर्नुसम्म संघर्ष ग्यो र खप्नुसम्म कहर यी सबै हिमयुगहरुमा खप्यो। सहजै अनुमान गर्न सकिन्छ, हिमयुगको ठिहीले साना-साना बोटबिरुवा, जनावर सबै समाप्त पारेपछि अजंगको जनावरहरु मात्र बाँकी रहँदा मानिसले बाध्यतावश बाँच्नकै लागि सामुहिक सिकार गर्न सिक्यो। लात मारेर, मुड्कीले हानेर मार्न सकिनेभन्दा ठूला जनावर भएपछि ढुंगाको हतियार प्रयोग गर्न सिक्यो।

ठूला जनावर मारेपछि जनावर जस्तो मुखैले चिथोर्ने कुराबाट मुक्त हुने उपाय मान्छेले रच्यो र ढुंगैको हतियार बनाएर जनावरको छाला काढ्ने, जनावरको खुट्टाको हाड ढुंगैले फुटाएर हाडभित्रको मासी निकालेर प्रोटिन-रिच मासु खान समेत मान्छेले क्रमशः सिक्यो। हिमयुगले मानिसलाई यस्तो संघर्षमा होम्यो कि, कि चाहिँ मानिस समाप्त हुनुपर्थ्यो, कि बदलिँदो जलवायु र धर्तीमा मानव जीवनलाई निरन्तरता दिन संघर्षरत् रहन अनिवार्य थियो। आजका सुकिलामुकिला मान्छेका आदिम पूर्खाले संघर्ष रोजे, वातावरण परिवर्तनसँगै आफूलाई अनुकूल हुनेगरी संघर्ष गर्दै गए र सुदूर भविष्यका सुकिलामुकिला मान्छेहरुका पूर्खाले आफैलाई लोप हुन दिएनन्। हिमयुग भरी न्यानो धर्तीको खोजीमा मान्छे निरन्तर डुलिरह्यो। त्यस्तैगरी जब हिमयुग सकिएर न्यानो न्यानो गर्मीगर्मी हुँदै आयो, मान्छे अनुकूल वातावरणको खोजीमा अझै निरन्तर दौडिरह्यो। यसरी आजका मान्छेलाई हिमयुगले निर्माण गरेको हो पनि भनिन्छ। चारवटा कठोर हिमयुगहरुमा बाँच्ने संघर्ष गर्ने क्रममा मानिसका पुस्ता-पुस्तान्तरमा शारीरिक र मानसिक क्षमतामा क्रमशः आमूल रुपान्तरण र विकास हुँदै आएको हो।

मानिस सफलतापूर्वक जीवन निर्वाह गर्न सक्ने प्राणी भएकाले मात्र सांस्कृतिक प्राणी भएको होइन। जीवन निर्वाह त जनावर, किटपतंग सबैले गर्दछन्। सन्तान उत्पादन, अनिकाल सम्झेर समयमै खानेकुराको जोहो गर्ने काम पनि जनावरहरुले समेत गर्दछन्, कमिलाकै कर्म हेरे पुग्छ। मानवशास्त्रीहरुले संस्कृतिका सैयौं परिभाषा दिएका छन्। तर, मानिस आफै आफ्नो संस्कृतिको निर्माणकर्ता हो भन्नेबारे चाहिँ थोरैले मात्र ब्याख्या गर्दछन्। मूलतः मानिसमा अन्तरनिहीत दुई कुराको योगफलबाट संस्कृति अर्थात् मानवहरुको जीवनदर्शन र जीवन पद्दति निर्माण हुन्छः १) मानिसको मानसिकतामा अन्तरनिहीत असीमित कल्पनाशीलता, वा कल्पनामा महलको नक्सा बनाउने क्षमता, र २) आफूले मनमा कल्पेको, रचेको महललाई आफ्नै श्रम खर्चेर वास्तविकतामै वस्तुगत महल ठड्याउने क्षमता। प्रस्तुत दुई क्षमताका कारणले मानिसलाई सांस्कृतिक प्राणी भनिएको हो।

माथिका दुई क्षमता मध्ये पनि मानिसमा अन्तरनिहीत कल्पनाशीलता वा काल्पनिकीको क्षमताका कारणले मानिस सांस्कृतिक प्राणी भएको हो। यही विशिष्ट गुणका कारणले मानिस अन्य प्राणीहरुभन्दा भिन्न र श्रेष्ठ बनेको हो। उदाहरणतः मान्छेले बास्तविक घर बनाउनअघि आफ्नो कल्पनामा घरको रचना, नक्सा बनाउँछ र त्यसपछि त्यसलाई वास्तविकतामा श्रम खर्चेर आफ्नो वास-घर बनाउँछ। कहींको यात्रा गर्नुछ, यात्रा शुरु हुनुअघि नै उसका मन-मष्तिस्कमा त्यसको योजना, कति हिँड्नुपर्छ, कति सातु-सामल बोक्ने, कहाँ बास पर्छ, यात्राको सम्पूर्ण खाका बनाउँदछ, आफ्नो काल्पनिकीमा। हो यही कल्पनामा संसारको रचना गर्ने क्षमता चाँही अन्य जनावरहरुमा हुँदैन वा नगण्य मात्रामा मात्र हुन सक्छ कि भन्ने कारणले मानिसलाई श्रेष्ठ प्राणी भनिएको हो।

त्यसो त माहुरीका सामुहिक श्रमले निर्माण गरेको चाका हेर्नुहोस् त, कति सुन्दर र चटक्क मिलेको छ। दुनियाँको सर्वश्रेष्ठ आर्किटेक्टले पनि माहुरीको चाका जस्तै सुन्दर चाका निर्माण गर्न सक्छ जस्तो लाग्दैन। तर, फरक के हो भने कुनै मानव आर्किटेक्टले माहुरीकै चाका जस्तो देखिने अर्को चाका निर्माण गर्न अघि उसले आफ्नो कल्पनामा चाकाको रचना गर्छ, उसले आफूले सिकेको विद्या प्रयोग गर्छ, सिकाई र अनुभव दुबै प्रयोग गर्छ र मस्तिष्कमा एउटा काल्पनिक चाकाको निर्माण गर्छ। त्यसपछि त्यस्लाई कागजमा उतार्छ, अनि मात्र वस्तुपरक चाका बनाउँछ। मानिसले राडी पाखी वा डोको डालो बुनोस् कि महल दरबार बनाओस्, पहिले निर्माण गर्ने कल्पनामै हो। हो त्यही क्षमता चाहिँ मानिस-इतर प्राणीहरुमा हुन्न वा नगण्य मात्र हुन्छ भनिन्छ, मानवशास्त्रमा।

माहुरीले चाका बुन्न जे-जति क्रियाकलाप गर्दछन् ती सबै माउरीको जीनबाट प्रेरित हुन्छन्। माहुरीको सारा क्रियाकलाप जेनेटिकल्ली निर्धारित हुन्छन्। कुखुराको चल्ला हेर्नुहोस् त, आमाको ओथारोबाट निस्कने बित्तिकै कुद्न थाल्छ, मल्खु, कनिका जे भेटे नि आफ्ना कलिला ठुँडाले टुक्कटुक्क टिपेर खान थाल्छ। मान्छेले सिक्न पर्छ लामो प्रक्रियामा र उसले आफ्नो मस्तिष्कमा सिक्दै गएको कुरालाई क्रमशः सेटिङ गर्दै जान्छ। यसका लागि उसले ठूलो मेहनत र संघर्ष गर्नुपर्छ। उसका हात-पाऊ नै चल्दैनन् शुरुमा, सबै सिकाईका परिणाम हुन्। अन्य प्राणीहरुको क्रियाकलाप र व्यवहार मूलतः जेनेटिकल्ली निर्धारित हुन्छ भने मानिसले गर्ने क्रियाकलाप, व्यवहार र निर्माण उसको कल्पनाशीलता, मेहनत र संघर्षपूर्ण सिकाइ र सामाजिकीकरणको परिणाम हो। उल्लेखित यावत कारणहरुले मानिसलाई सर्वश्रेष्ठ प्राणी भनिएको हो।



**ह्याप्पील्याण्ड पार्कमा निर्माण गरिएको घर** : झापाको कनकाई नगरपालिका-३ मा निर्माण गरिएको ह्याप्पील्याण्ड फनपार्कमा तयार गरिएको घर । *तस्वीर : सुरेन्द्र भण्डारी/पूर्वाञ्चल*

# सम्पन्न सहकारीको नेतृत्व चयन

**बिर्तामोड, भदौ २३।** सम्पन्न बचत तथा ऋण सहकारी संस्था बिर्तामोड-१को अध्यक्षमा सन्तोष सुब्बा चयन भएका छन् ।

संस्थाको छैटौं वार्षिक साधारणसभाले सुब्बाको अध्यक्षतामा नयाँ कार्यसमिति चयन गरेको हो । नवगठित समितिको उपाध्यक्ष मञ्जु गोम्देन, सचिव बुद्धिराज दंगाल विवेक, सहसचिव अच्युतराज ओझा, कोषाध्यक्ष तारा न्यौपाने खत्री रहेका छन् । त्यस्तै सदस्यहरुमा बिनोद दंगाल, चन्द्रकला न्यौपाने ढकाल, विनिता पाठक, कमल श्रेष्ठ, किरण वन र देवीप्रसाद अधिकारी रहेका छन् ।

त्यसैगरी लेखा समितिको संयोजकमा उद्धवराज गिरी रहेका छन् भने सदस्यहरुमा गंगामाया कार्की र टीकानाथ आचार्य रहेका छन् । संस्थाका अध्यक्ष राधाकृष्ण अधिकारीको अध्यक्षता तथा झापा जिल्ला सहकारी संघका अध्यक्ष गणेश ढकालको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा सल्लाहकार सन्तोष सुब्बाले स्वागत गरेका थिए ।

कार्यक्रममा गरामनी कृषि सहकारी संस्थाका अध्यक्ष ताराप्रसाद चापागाईं, सुनकोशी बचत तथा ऋण सहकारी संस्थाका हरि ओझा, उदयशील महिला बचत तथा ऋण सहकारी संस्थाकी अध्यक्ष राधा राई, संस्थाका सल्लाहकार उद्धवराज गिरी लगायतले शुभकामना मन्तव्य राखेका थिए ।

कार्यक्रममा उत्कृष्ट बचतकर्ता दुर्गाप्रसाद प्रसाईं, पुष्कर आचार्य, मनकुमारी थापा, केशव मैनाली, ज्ञानेन्द्र प्रसाईं, असल ऋणि अभिलाष अग्रवाल, सुष्मा राजवंशी, सीता रिजाल, दुर्गा हलुवाई, नारायण उप्रेतीलाई पुरस्कृत गरिएको थियो ।

त्यस्तै सहारा नेपाल बचत तथा ऋण सहकारी संस्थाका प्रमुख कार्यकारी अधिकृत महेन्द्रकुमार गिरी, पत्रकार गोपाल काफ्ले, उत्कृष्ट सहकारीकर्मी ताराप्रसाद चापागाईं, उत्कृष्ट व्यवस्थापक कमल पराजुली, उत्कृष्ट सेवाकेन्द्र संयोजक गोकुल खत्रीलाई सम्मान गरिएको थियो ।

त्यस्तै सुनिता राजवंशी, सरला राई, भोजराज चापागाईं, भूमिका खतिवडालाई उत्कृष्ट कर्मचारीको रुपमा पुरस्कृत गरिएको थियो । संस्थाका अध्यक्ष अधिकारीले वार्षिक प्रतिवेदन र लेखा समिति संयोजक नगेन्द्र विमलीले लेखा समितिको प्रतिवेदन प्रस्तुत गरेको कार्यक्रमको सञ्चालन संस्थाका सचिव बुद्धिराज दंगाल विवेकले गरेका थिए ।

# भारी बोकेर परिवारको गर्जो टार्दै

**काँकरभिट्टा, भदौ २३।** हेमन्त रानाको स्वर, कालीप्रसाद बास्कोटाको संगीतमा रहेको सुन साइँली सुन साइँलीको यो अन्तरा निधारमा 'नाम्लो वरियो भावीको खेलमा परियो' सिक्किमका भारी बोक्न आइपुगेका नेपालीको जीवनमा ठ्याक्कै मिल्छ ।

खोटाङका शम्भु दाहालले २०७१ सालमा स्थानीय एउटा सरकारी विद्यालयबाट कक्षा १२ राम्रो अंकका साथ पास गरे । तर, त्यसपछिको बाँकी पढाई उनले अघि बढाउन सकेनन् । कारण थियो उनको परिवारको आर्थिक अवस्था । शम्भुकै भाषामा गरिबी । पढाईमा पूर्णविराम लागेपछि साथमा एउटा नम्लो बोकेर पैसा कमाउन शम्भु भारतको सिक्किम राज्यको राजधानी गान्तोक छिरे ।

झण्डै तीन वर्षअघि त्यस्तै एउटा नाम्लो बोकेर सोही ठाउँ भासिएका दोलखा चरीकोट गौरीशंकर गाउँपालिका-३ का ३५ वर्षीय गणेश नेपालीको पनि सिक्किमै भारी बोकेर कमाएको आम्दानी नेपालमा भएका आफ्नो परिवारको बिहान-बेलुकाको हात मुख जोड्ने प्रमुख माध्यम बनेको छ । १० कक्षाको पढाई उत्तीर्ण गरेर त्यहाँ पुगेका १८ वर्षीया दिनेश नेपालीले भारी बोक्न थालेको दुई वर्ष भयो । भारी बोक्न छाडे उनको पनि परिवारको मुखमा माड समेत लाग्दैन रे ।

आर्थिक अवस्था ज्यादै कमजोर भएका कारण धन कमाउन भारतको सिक्किम राज्यको राजधानी गान्तोक छिर्ने त यी माथिका केही प्रतिनिधि पात्र मात्र हुन् । झण्डै सात हजारभन्दा बढी नेपाली त्यहाँ दिनभरि भारी बोक्दै नेपालमा भएका आफ्ना परिवार पालिरहेका छन् । यो कमाई उनीहरुको बिहान-बेलुकाको हातमुख जोड्ने माध्यम मात्र होइन चाडपर्वका बखत एकछाक मिठो-मसिनो र एकसरो नयाँ वस्त्र फेर्ने आम्दानीको मुख्यस्रोत समेत बनेको छ ।

'घरको आर्थिक अवस्था ज्याँदै कमजोर थियो, बाबु आमासँग मलाई उच्च शिक्षा पढाउने पर्याप्त स्रोतसाधन थिएन, बिहान-बेलुका हातमुख जोड्न धौ-धौ थियो, पहिला-पहिला दोलखाका धेरै मान्छेले पैसा कमाउन सिक्किम जानुपर्छ । तर, एउटा नाम्लो चाहिँ साथमा हुनुपर्छ सजिलै पैसा कमाइन्छ भनेको सुनेको थिए त्यसै भएर म पनि एउटा नाम्लो बोकेर यताछिरे' -शम्भुले भने- 'यहाँ लजाउनु चाहिँ हुँदोरहेनछ भारी बोक्न सके राम्रै आम्दानी हुदो रहेछ ।' भारी बोकेरै कमाएको पैसाले उनले कोरियन भाषा पढे । पास पनि गरे । 'यहाँ सम्मान चाहिँ नखोजे हुन्छ ' -उनले भने- 'भरिया, कान्छा, नेपाली, ठुले, जेठा लगायतका उपनामले हामीलाई भारी बोक्न बोलाइन्छ ।' भरिया काम गरेर मात्र मासिक न्यूनतम् २५ देखि अधिकतम् ३५ हजार रुपैयाँसम्म कमाउने गरेका छन् नेपाली भरियाहरुले ।

दुई सयदेखि साढे तीन सयको हाराहारीमा दोलखा जिल्लाबाट मात्र आएका मानिस सिक्किममा भारी बोक्ने काम गर्छन् । उनीहरुलाई धेरैले भरिया भनेर बोलाउँछन् ।



'जस्को हातमा नाम्लो हुन्छ सोचे हुन्छ उ नेपाली हो अनि सिक्किममा भारी बोक्न आएको र भरियाको काम गर्छ -उनले भने । सिक्किममा भारी बोक्नु अधिकांशका लागि आफ्नो पुर्ख्यौली पेसा सरह नै बनेको छ । धेरैको ३-४ पुस्ताको जिन्दगी सिक्किमै भारी बोकेर बित्यो । पछिल्लो पुस्ताले समेत यसलाई निरन्तरता दिइरहेको छ ।

आफ्ना हजुरबुबा, बाबु दाजुहरुले गर्दै आएको काम र सिको अहिले नयाँ पुस्ताले गर्दै आएको दोलखाकै ४८ वर्षीय मकरबहादुर भुजेलको भनाई छ । उनका हजुरबुबा हेमबहादुर भुजेल सिक्किममा भारी बोक्दाबोक्दै बिते । झण्डै १८ वर्षको उमेरदेखि सिक्किममा भारी बोक्न थालेका उनका हजुरबुबा चारकोरी उमेर पार हुन लाग्दासम्म सिक्किमै भारी बोक्दै थिए । बुढ्यौलीका कारण नेपाल फर्किएका हजुरबुबाको ८७ वर्षको उमेरमा निधन भयो । उनका बुबाले समेत लामो समय सिक्किममै भारी बोके । भुकम्पले क्षतविक्षत बनाएको मकरबहादुरको घर अझैसम्म पूर्णरुपमा बनिसकेको छैन । सरकारले घर बनाउन दिएको रकम पर्याप्त नभएका कारण भारी बोकेरै कमाएको पैसाले भए पनि घरसम्म ठड्याउने उनको धोको छ ।

कतिको त भारी बोक्दाबोक्दै लडेर हातखुट्टा भाँचिएको छ । कति विरामले थलिन्छन् । त्यसबेला सबै मिलेर उनीहरुको उपचारमा जुटछन् अधिकांश भरियाहरु । उनीहरुकै भनाईमा हेमन्त रानाको स्वर, कालीप्रसाद बास्कोटाको संगीतमा रहेको सुन साइँली सुन साइँलीको यो अन्तरा निधारमा 'नाम्लो वरियो भावीको खेलमा परियो' सिक्किमका भारी बोक्न आइपुगेका नेपालीको जीवनमा ठ्याक्कै मिल्छ रे ।

बाबुसँगै २२ वर्षको उमेरमा सिक्किम छिरेका मकरबहादुरले भारी बोक्न थालेको २६ वर्ष भएछ । विशेषगरी चाडपर्वका बखत उनीहरु स्वदेश फर्किने गरेका छन् । अरु बेला समय परिस्थिति अनुसार घर फर्कने गरेको उनीहरुको भनाई छ । घरमा बुढा बा-आमासहित सातजनाको परिवार छ- मकरबहादुरको । २०७२ सालको भूकम्पले उनको घरवार तहसनहस पारेपछि आज उनको परिवार सुकुम्बासी झै छ । 'सबै परिवार मेरै भरमा छ' -मकरबहादुरले भने- 'महिनामा ३० हजार जति कमाउँछु केही खर्च आफूलाई राख्छु खान पनि प्रयो बचेको १५ देखि २० हजार रुपैयाँ घरमा परिवारका लागि आइएमई गरेर पठाउँछु ।' परिवारको गर्जो टार्न कै लागि आफू यहाँ सकीनसकी भारी बोकीरहेको पीडा उनले सुनाए । 'सिक्किमका मान्छे धेरै सुखी र सौखिन छन् सानोसम्म भारी आफू बोक्दैनन् भरिया लगाउँछन्' -गणेश नेपालीले भने- 'त्यही भएर हामीलाई रोजगारको अवसर मिलेको छ ।' यसपटकको दशैंमा घर जाने सोच बनाएका नेपाली १७ महिनादेखि घर फर्किएका छैनन् । घर जान मन लाग्छ, के गर्नु गएर नेपालमा काम पाइँदैन् । काम नगरे घरको चुल्होमा आगो बल्दैन् अनि मन थामेरै भए पनि यहाँ नै भारी बोकेर आनन्द लिइरहेको छु ।' -उनले गीतकै लयमा थपे- 'कुलोमा पानी कलल, गाउँघरको तस्वीर झलल ।'


नाम्लोकै भरमा मासीक २५ देखि ३० हजार कमाउने नेपालीले केही दिन अघिमात्र ४० हजार रुपैयाँ घर खर्चका लागि पठाएको सुनाए । यहाँ मासिक तलब आउँदैन काम गर्न सके कमाइ हुन्छ । भारी नबोके यही पनि बाच्न गाह्रो हुने उनले पीडा सुनाए । कतिले त मागे अनुसारको ज्याला समेत नदिनेको गरेको उनीहरु बताउँछन् ।

कहिलेकाहीँ त पैसाभन्दा बढी भनाई खानु परेको गुनासो नेपाली भरीयाको छ । दिनभरि जो जहाँ भारी बोकेर पुगे पनि साँझमा सबै एक ठाउँमा भेला हुन्छन् र दिनभरिको कथा एक अर्कामा सुनाउँछन् । उनीहरुकै भनाईमा यहाँ भारी बोक्न अधिकांश २०५२ सालपछि छिरेका छन् । त्यसबेला नेपालमा सशस्त्र द्वन्द्व शुरु भएको थियो । त्यसबेलाको नेकपा माओवादी र राज्यको भयका कारण धेरै युवा नाम्लो बोकेर विदेशिएको उनीहरु बताउँछन् ।

नेपालमा रोजगारको अवसर पाए धेरै नेपाली त्यतै अलमलिने उनीहरु बताउँछन् । नेपालमा रोजगारको अवसर नभएकै कारण आफूहरु विदेशमा भरिया काम गर्न बाध्य भएको उनीहरुको भनाई छ ।

स्वास्थ्य

## बाडुली रोक्ने घरेलु उपाय




**चिनी**

बाडुली आउँदा तुरून्तै एक चम्चा चिनी सेवन गर्नुहोस् । केही समयपछि बाडुली आउन रोकिन्छ ।

**भिनेगर**

भिनेगरको प्रयोग थुप्रै समस्यमा गर्न सकिन्छ । एक चम्चा भिनेगरको सेवनले बाडुलीमा तुरून्तै राहत दिलाउँछ । यसको अमिलो स्वादले बाडुली रोक्न मद्दत गर्छ ।

**नुन पानी**

थोरै नुनलाई एक गिलास पानीमा मिसाएर एक या दुई पटक पिउनुहोस् । यसबाट बाडुलीको समस्या तुरून्त रोकिन्छ । यसका साथै बिस्तारै श्वास लिँदा पनि आराम मिल्छ ।

**चकलेट पाउडर**

बाडुली लाग्न थाल्ने बित्तिकै चकलेट पाउडर एक चम्चा खानहोस् । यसबाट केहीसमयमै बाडुली रोकिन्छ ।

**कागती र मह**

बाडुली रोक्न कागती लाभदायी हुन्छ । एक चम्चा कागतीको ताजा रसमा एक चम्चा मह राख्नुहोस् । अब यो मिश्रणलाई चाट्नुहोस् । बाडुली लाग्न रोकिन्छ ।

**श्वास केहीबेर रोक्नुहोस्**

बाडुली लागेमा लामो श्वास लिनुहोस् र केही सेकेण्डका लागि रोक्नुहोस् । विज्ञका अनुसार जब फोक्सोमा कार्बनडाइअक्साइड भरिन्छ, त्यसलाई श्वासप्रश्वास प्रक्रियामा महत्वपूर्ण मानिएको अंग डायफ्रामले बाहिर निकाल्छ र बाडुली रोकिन्छ ।

**मरिच**

मरिचका तीन दानालाई चिनी या मिश्रीको एक टुक्राका साथ चपाउनुहोस् आवश्यक परे एक घुड्को पानी पनि पिउन सक्नुहुन्छ । यसो गर्दा तत्काल बाडुली रोकिन्छ । यो उपाय पूरै सुरक्षित पनि हुन्छ ।



# 'उमेर बढेपछि लोभ बढ्ने रहेछ'

'एक्सप्रेसन क्विन'को रूपमा चिनिएकी केकी अधिकारीलाई भाग्यमानी अभिनेत्री भन्ने गरिन्छ । उनी अभिनित फिल्म बक्सअफिसमा सफल नभए पनि व्यस्तता भने अहिलेकी चल्तीको अभिनेत्रीको भन्दा कम छैन । जीवन्त अभिनय गर्ने भएकै कारण उनको हातमा फिल्मको कमी छैन । भिडियोमा पनि उनको डिमान्ड राम्रो छ । सरल व्यवहारका कारण पनि उनी कामविहीन हुनु नपरेको कतिपयको तर्क छ ।

गुणस्तरमा नभई संख्यात्मक अभिनयमा जोड दिँदा उनले बचेखुचेको क्रेज चौपट बनाइसकेकी छन् । एक समय उनलाई राम्रो सम्भावना बोकेको अभिनेत्रीको रूपमा हेरिएको थियो । किनकि उनको अभिनयले दर्शकको मन जित्ने गरेका थिए । तर, फिल्मले निराश बनाउने श्रृंखला नरोकिएपछि अहिले उनी हातमा आएका जस्तासुकै फिल्म पनि आँखामा पट्टी बाँधेर गर्ने गरेकी छन् ।

पछिल्लो समय उनी अभिनित फिल्म हलमा लागेको र उत्रिएको समेत थाह हुन छाडिसकेको छ । तात्तातो उदाहरण हो, फिल्म 'रातो गलबन्दी' । यो फिल्मले भित्तामा पोस्टर टाँस्नका लागि बनाएको माडको पैसा समेत उठाएन । न त दर्शकलाई फिल्म हलमा लागेको र उत्रिएको नै थाह भयो । किन फिल्म छनोटमा गम्भीर हुन सकेकी छैनन्, उनी ? के उनमा करिअरप्रति चिन्ता नै नभएको हो ?

अभिनेत्री केकीको नयाँ फिल्म 'छ माया छपक्कै' आउँदो असोज २४ गतेबाट प्रदर्शनमा आउँदैछ । यो दीपकराज गिरी र दीपाश्री निरौलाको समूहले निर्माण गरेको फिल्म हो । यसकारण उनलाई यो फिल्मप्रति निकै ठूलो अपेक्षा छ । करिब एक दशक लामो फिल्मी करिअरमा सोलो हिरोइनको रूपमा एउटा हिट फिल्म दिने सपना यसले पूरा गर्नेमा उनी विश्वस्त छिन् । दर्शकलाई पनि यो फिल्मको प्रतिक्षा छ ।

फिल्म 'कोहलपुर एक्सप्रेस' निर्माण गरेर आफूलाई निर्मात्रीको रूपमा पनि चिनाइसकेकी उनको मुखमा आजभोली 'लोभ' भन्ने शब्द निकै झुण्डिने गरेको छ । यसको कारण के होला ? फिल्म 'सेल्फी किङ' को निर्माण घोषणा सभामा उनले उमेर बढ्न थालेपछि स्वतःस्फूर्त रूपमा लोभ पनि बढ्दै जाने बताइन् । आजकाल आफूलाई निकै लोभ लाग्ने गरेको उनको भनाई छ ।

'लोभ' बढ्नुको कारणबारे प्रस्ट्याउँदै उनी भन्छिन्- 'मलाई लोभ लाग्ने भनेको कामको हो । बाँकी त संसारमा सबै चिज नाशवान छ । मृत्युपछि हामीले केही चिज लिएर जाने होइन । तर, काम र नाम भन्ने चिज सधैं रहिरहन्छ । त्यसैले मलाई त्यही चिजको लोभ लाग्छ ।' विशाल सापकोटाले निर्देशन गर्ने 'सेल्फी किङ' मा उनले आइटम गीतमा नृत्य प्रस्तुत गर्दैछिन् । उनी यो फिल्मलाई लिएर आफू निकै उत्साहित रहेको बताउँछिन् ।

तपाईंहरूको आफ्नै पत्रिका

मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

पूर्वाञ्चल दैनिक

**प्रेस काउन्सिल नेपालद्वारा 'क' श्रेणीमा वर्गीकृत बिर्तामोडबाट विगत २०५२ सालदेखि निरन्तर प्रकाशन हुँदै आएको यस दैनिकमा राहदानी हराएको सूचना, जन्मदिनको शुभकामना, श्रद्धाञ्जली/समवेदना, सरकारी सूचना लगायत विज्ञापनहरु प्रकाशन गर्न तथा ग्राहक बन्न एवम् कुनै गुनासो या सल्लाह,सुझाव भए सदैव हामीलाई सम्झनुहोला ।**

केन्द्रीय कार्यालय बिर्तामोड-१, अतिथिसदन छेउ (समाचार शाखाः ०२३-५४१००२/ विज्ञापन तथा प्रशासन : ०२३-५४००४४) व्यवस्थापकः ९८४४६४२०९५/कार्यकारी व्यवस्थापक : (९८४२६३४७४०/९८१६९८१०१७), शनिश्चरे-अर्जुनधारा, खुदुनाबारी (अमित खम्बू : ९८४४६६५७८४/ ९८०६०९५८४४), पर्वेज आलम (९८१७०३५४४२/९८६२६४२६५०), मेघबहादुर राई ९८१५९९००३३, काँकरभिट्टा/बाहुनडाँगी/पानीटंकीः राजकुमार शर्मा (९८६३७०५८५५/९८०७९१३०२३), धुलाबारीः सुमन बस्नेत ९८१५०६३६३८/९८४४६११४६७, लक्ष्मीपुर/दुर्गापुरः पूर्णबहादुर कटुवाल (९८५२६७९६२२), चारपाने : बिनोद पाण्डे (९८५२६५५२९१), घैलाडुब्बा-डाँगीबारी : तुलसीप्रसाद निरौला (९८१६०४१६४६), सुरुङ्गाः तीर्थराज खरेल (९८४२६७१५८४), ऋषि लामिछाने (९८०६०२५०२४), माईधार : विश्वदीप पुस्तक पसल (०२३-४१००३१, ९८१७९२१६८०), दुधे : शान्तिराम बस्नेत (९८४२६५७२८३, ९८१७०६८९३७), झिलझिले/पाँचगाछी : नारायण शिवाकोटी (९८१७०००२५४), धरमपुर : हरि ढकाल (९८४२६२२८९६), केरखा : उमानाथ भण्डारी (९८५२६७०६३१), दमकः डीवी बस्नेत (९८१६०८८९५९), माधव ढकाल (९८५२६७५६२२), उर्लाबारीः आशिष भुजेल ९८२९३२३५४७, पाडाजुगी/मंगलबारे/गेउरीया : गोकुल दाहाल (९८२५७५३४६१), गौरादहः विवेक घिमिरे (डण्डी) (९८५२६७६३०८), केरखाः उमानाथ भण्डारी (९८५२६७०६३१), खोटाङः दिलीप खत्री (९७४३००१४७७) उदयपुरः गणेश उप्रेती (९८४२८३७९१३), भद्रपुर-चन्द्रगढी-पृथ्वीनगरः पार्थ मण्डल (९८४२६२६३०९), बुधबारे : रामचन्द्र भट्टराई (९८४४६०९३७७), टंक विकल्प (९८४२६५५८०७), होक्से : नारायण अर्याल (९८०६०६२४०३/९८४२६९७३१०), दानावारी इलाम : सुष्मा राई (९८१४०२६२०२), इलाम/भालुझोडा, कुटिडाँडा, कोल्बुङः गणेश अर्याल (९८५२६८०३४४/९७५२६०५३४४), हर्कटे, कन्यामः खगेन्द्र शिवाकोटी (९८४२६२४३१९) इलाम/छिपिटार, फिक्कल : मनकामना पुस्तक पसल - यादव घिमिरे (मो. ९८०७९६७९९९), इलाम लक्ष्मीपुरः पुष्प आचार्य (मो.९८४२६६२०३६), इलाम : जौबारी, गोदक : रोम अधिकारी (९८४२७२२७६२), इलाम/गोदक धर्ममणि गौतम - ९८४२७४४७५६, इलाम नगरपालिकाः विष्णु भट्टराई/सञ्जिवनी आयुर्वेद औषधि पसल (०२७-५२१४९०/९८६२६३७७६२), पुवाखोला नुतन दुलाल ९८१५९०२३७६/९८४२६२७५६०, बर्ने/सुनमाई/शान्तिनगर : दिपेन विक ९८१६९४५९९२/९८६२६१६६४६, पथरी : नीलम थापा (कामना पुस्तक पसल) (०२१-६९११८८/९८४२०४३७६५), मोरङ बेलबारी किशोर भण्डारी (९८६२०६२०६२/९८५११६५५५६), इटहरी : तेज वन विश्वासी ९८०४०२५७४३, धरान : शैलेन्द्र दाहाल (धरान न्यूज सेन्टर) ०२५-५२८६८६/९८४२०६०९४८ , ताप्लेजुङः बसन्त लिम्बू (९८४४६३२२३५), दुर्गाप्रसाद पौडेल (९८४२६५२७१३) भारत शिलगढी, दार्जीलिङः मानिक कुन्डु (+९१९८००३८००८६), राँके : दुर्गाप्रसाद चौलागाईं (९८०८७०७००७), घुर्विसे पञ्चमीः युद्धबहादुर बोहोरा (९८१३७५७२०६), विराटनगरः चन्दन राय (९८१२३२६९२८)